# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

योजनाको इतिहासलाई हेर्दा आर्थिक योजना बारे सर्वप्रथम प्लेटोले “रिपब्लीक” नामक पुस्तकमा मा उल्लेख गरेको पाईन्छ । आधुनिक परिस्थिति तथा आधुनिक अर्थमा आर्थिक योजनाको इतिहास त्यति पुरानो छैन । काफ्ले र अन्य (२०६०) का अनुसार सर्वप्रथम सन् १९१० मा नर्वेका एक सिद्धान्तवादी प्रा. क्रिस्टिन सोन्हेडरले लेखेको निबन्धमा आर्थिक योजनाको महत्वबारे प्रकास पारेका थिए । त्यति बेलाबाट नै योजनाको आधुनिक रूप प्रारम्भ भएको उद्धृत गरिएको छ ।

नेपालको शिक्षा प्रणालीको औपचारिक इतिहास त्यति लामो छैन । प्राचिनकालीन शिक्षा प्रणालीमा परम्परागत रूपमा चल्दै आएका सामाजिक मूल्य र मान्यताहरू एक पिढीबाट अर्को पिढीमा हस्तान्तरण हुँदै जाने पारिवारिक शिक्षा परम्परा थियो । वैद्धिक कालमा मुखैले मात्र कण्ठ गराई छात्रहरूलाई अध्यापन गराउने परिपाटी थियो । गुरूका मुखबाट निष्केका वाणी विद्यार्थीहरू कण्ठाग्र गर्दथे । समाजका प्रचलित रितिरिवाज, चालचलन, जीवनको आदर्श, धार्मिक तथा सामाजिक मान्यता आदिका बारेमा घरमा शिक्षा दिने चलन थियो । व्यवसाय र घरगृहस्थि सम्बन्धी शिक्षा पनि त्यसरी नै दिइन्थ्यो । अध्ययनका लागि छात्रहरू गुरूकुल वा गुरूका घरमा जान्थे । गुरू आज्ञा नै त्यतिखेर अहिलेको शिक्षा ऐन नियम जस्तो हुन्थ्यो । शिक्षण केन्द्रको व्यवस्थापन सञ्चालन र प्रशासन गुरूहरूबाट हुन्थ्यो । यसैगरी एकीकरणका क्रममा राज्यले शिक्षामा खासै पहल गर्न सकेन, सम्पूर्ण समय लडाईंमा विताउनु परेकाले त्यसबेलाको शिक्षा सैनिक शिक्षामा सीमित भएको पाइन्छ । एकीकरण पछि पृथ्वीनारायण शाहले सैनिकका टुहुराहरूलाई सैनिक शिक्षा दिने काम शुरू गरेका थिए । एकीकरण पछि राजनीतिक दाउपेच तथा गृह कलहका कारण पृथ्वीनारायण शाह पछिका ७० वर्षको अवधिमा शिक्षाको विकासमा खासै उल्लेखनीय कार्यहरू भएको पाईंदैन ।

राणाकालीन शिक्षा सर्वसाधारणका लागि खुला रहन कठीन भयो । जन चेतना नबढोस् भन्ने दृष्टिले शिक्षाको विकासतिर खासै ध्यान दिइएन तर वि.स. १९०७ तिर जंगबहादुर राणाले बेलायत भ्रमण गर्दा त्यहाँ भएको शिक्षाको विकास देखि अंग्रेजी शिक्षाबाट निकै प्रभावित भएर आफ्ना सन्तानहरूलाई शिक्षादिक्षा दिनुपर्ने महशुस गरी वेलायतको शिक्षा प्रणाली अनुसार वि.सं. १९१०मा थापाथली दरवारको दाखचोकमा खुलेको अंग्रेजी विद्यालय नै नेपालको सबैभन्दा पहिलो औपचारिक विद्यालय हो ।

२००७ साल फाल्गुण ७ गते नेपालमा प्रजातन्त्र प्राप्त भएपछि स्वतन्त्रता पूर्वक सबै कार्य गर्न जनताले पाउने भए । सबैमा शिक्षाको आवश्यकताको चेतना फैलिँदै गयो । नेपालमा प्रजातन्त्रको प्राप्ति पछि देशको शिक्षा विकास गर्ने ध्ययले धेरै आयोग तथा योजनाहरू निर्माण गरियो । देशमा योजनाबद्ध ढंगले शिक्षा विकास गर्ने प्रयासको पहिलो खुड्किलो रा.शि.यो. २०११ हो । प्रचलित शिक्षा पद्धतिमा आमूल परिवर्तनको वाहक बनेको हुनाले यस योजनालाई नयाँ शिक्षा योजना पनि भनीयो । नेपालमा योजनाबद्ध रूपमा शिक्षाको विकास गर्न निरन्तर प्रयास भईरहेपनि नेपालको शिक्षा विकासमा २०२७ साल अगाडिको शिक्षा उद्देश्यहीन, अनुत्पादनशील तथा असन्तुलित रूपमा अगाडि बढेकाले उक्त शिक्षाले राष्ट्रको सामाजिक र आर्थिक वास्तविकताबाट टाढा तुल्याएको महशुस भईरहेको थियो । देशमा राष्ट्रिय आवश्यकता र चरित्र अनुकूल शिक्षा आउन सकेको थिएन । देशमा विद्यालयको संख्यात्मक विकास मात्र हुन सक्यो । संख्यात्मक विकास तीव्र रूपमा भए पनि गुणात्मक शिक्षाको विकास र विस्तार हुन सकिरहेको थिएन । यसले गर्दा शिक्षामा अनेकौं विकृति, कमजोरी तथा समस्याहरू आइरहेका थिए । यही परिप्रेक्ष्यमा रा.शि.प.यो. २०२८ आएको हो ।

रा.शि.प.यो. (२०२८) लागु हुनु भन्दा पहिलाको अवस्था हेर्दा योजनावद्ध शिक्षण पद्धतिको लागि धेरै प्रयासहरू भएता पनि असफल नै भएका थिए । तसर्थ योजनाबद्ध शिक्षण पद्दतीको शुरूवात रा.शि.प.यो. २०२८ पछि नै भएको हो भन्न सकिन्छ । यसले सबै विद्यालयहरूलाई राष्ट्रियकरण गरी विद्यालय संचालनको जिम्मेबारी केन्द्रिकृत प्रणाली अर्न्तगत रहने व्यवस्था भयो । वि.स. २०३३ सालमा विद्यालयको संचालनको जिम्मेबारी केन्द्रिकृत प्रणाली अर्न्तगत रहने व्यवस्था भयो । वि.स. २०३३ सालमा विद्यालयको संचालन रेखदेख र निरीक्षणको लागि थोरै अधिकार दिई विद्यालय सहयोग समिति रहने व्यवस्था भयो । सरकार सँग लगानी गर्न पर्याप्त स्रोत र साधनको खाँचो

रहेकोले दातृ निकायहरूले शिक्षामा लगानी नगरिकन दिगो विकास हुन नसक्ने भन्ने महशुश गरी सरकारलाई सहयोग गर्ने रणनीति तयारी गुणात्मक र व्यवहारमुखी शिक्षाको लागि समुदायमा आधारित व्यवस्थापनको ढाँचा तयार गर्न ग्रामीण विकासका लागि सेती परियोजना (२०३८) ले योगदान पुर्‍यायो । वि.सं. २०४० सालमा प्राथमिक शिक्षा परियोजना संचालनमा आयो । ग्रामीण विकासका लागि सेती पारियोजना र प्राथमिक शिक्षा परियोजना सफल रूपले संचालन भएको अनुभवको आधारमा वि.स. २०४९ सालदेखि यी दुबैलाई गाभेर आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको निर्माण गरियो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना ३ चरणमा ४० जिल्लामा लागु गरियो । यसबाट संचालित कार्यक्रमहरू विभिन्न अध्ययनबाट सकारात्मक देखिन आएकोले नेपाल सरकारले विभिन्न दातृ संस्थाहरू नोराड, युरोपियन यूनियन, डानिडा फिनल्याण्ड, विश्व बैङ्क र नेपाल सरकारको संयुक्तकोष को व्यवस्था गरी आ.व. २०५६/०५७ देखि यसलाई परियोजनाको रूपमा मात्र संचालन नगरी कार्यक्रमको रूपमा संचालन गर्न आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोश्रो) चरण (२०५६-२०६१) नाम दिई चरणवद्ध रूपमा आ.व. २०५८/२०५९ मा ७५ वटै जिल्लामा यो कार्यक्रम संचालन गरिएको थियो । यस कार्यक्रमको अवधि समाप्त भएपछि यस कार्यक्रमलाई आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम तेस्रो को रूपमा नभई सबैका लागि शिक्षा डकार घोषणापत्र कार्यढाँचा तथा नेपाल कार्ययोजना २००१-२०१५ को आधारमा "सबैका लागि शिक्षा २००४-२००९" संचालन भएको हो । २००४-२००९ का मुख्य ३ वटा उद्देश्यहरू यस प्रकार थिए :

१) प्राथमिक शिक्षामा पहुँच र क्षमताको सुनिश्चितता ।

२) प्राथमिक शिक्षाको गुणस्तर एवम् सान्र्दभिकतामा अभिवृद्धि ।

३) सबै विद्यालयहरू तथा संस्थाहरूलाई प्राविधिक सहयोग उपलब्ध गराई तिनीहरूको सक्षमता तथा संस्थागत क्षमतामा सुधार गर्ने ।

सन् १९९० मा भएको प्रजातन्त्रको पुर्नवहाली पश्चात नेपाल सरकारले शिक्षा विकाशमा विभिन्न उदार नीति अवलम्बन गरेकोछ । यसै सन्दर्भमा विभिन्न कार्यक्रम कार्यान्वयनमा निजी क्षेत्र र स्थानीय समुदायलाई सहभागिता गराउने नीतिलाई सकारात्मक प्रयास मानिन्छ ।

आधारभूत तथा प्राथमिक शिक्षालाई आगामी सन् २०१५ सम्म कक्षा ८ सम्म विस्तार गरी विद्यालय जाने उमेरका ३/२ बालबालिकाहरूलाई शैक्षिक स्तरयुक्त विद्यालयबाट कक्षा ८ सम्मको गुणात्मक शिक्षा हाँसिल गराउने लक्ष्य नेपाल सरकारले लिएको छ । राष्ट्रियस्तरमा शिक्षा विभागलाई यस कार्यक्रमको कार्यान्वयन र समन्वय गर्ने जिम्मा दिएको छ भने जिल्ला शिक्षा योजनाको कार्यन्वयन गर्ने अभिभारा जिल्ला शिक्षा कार्यालयलाई सुम्पिएको छ ।

हाल देशका ७५ वटै जिल्ला शिक्षा कार्यालयहरूले (२०५६-२०६१) ५ वर्षे जिल्ला शिक्षा योजनालाई चक्रिय योजना अर्न्तगत (२०६१-२०६६) तयार गरी यसै अर्न्तगत आ-आफ्नो बार्षिक शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आईरहेका छन् । जिल्ला शिक्षा योजना ५ वर्षका लागि तयार गरिने चक्रिय योजना हो । यसलाई तलदेखि उठेको योजनाको रूपमा लिईएको छ किनभने यो तल्लो तहबाट माथि तर्फ बढ्छ । सबै विद्यालयले आफ्नो विद्यालयको आवश्यकता अनुरूप विद्यालय सुधार योजना निर्माण गर्दछ । यसैको आधारमा प्रत्येक गाँउ शिक्षा समितिले आफ्नो गाउँ क्षेत्रमा भएका विद्यालय सुधार योजनाको आधारमा गाँउ शिक्षा योजना तयार गर्दछन् । यसै गरी जिल्ला शिक्षा कार्यालयले जिल्लास्तरमा कहाँ, कहिले र कसरी, कुन कुन कार्यक्रम संचालन गर्ने भनी विद्यालय सुधार योजना र गाँउशिक्षा योजनाका तथ्याङ्कको प्रयोग गरी जिल्ला शिक्षा योजना तयार पार्दछ र त्यसैको आधारमा आफ्नो वार्षिक कार्यक्रम संचालन गर्दै आईरहेको छ ।

योजना भविष्यको उद्देश्य प्राप्तीको लागि दिशाबोध गराउने तरीका हो । पहिलेका योजनाहरू माथि देखि तल झरेका हुन्थे । छलफल केन्द्रमा हुने, केन्द्रका शिक्षाविद्हरू जिल्लामा जाने र जवर्जस्ती तथ्याङ्क बटुलेर केन्द्रमा ल्याई विश्लेषण गर्ने, प्रतिवेदन लेख्ने, मुख्य मुख्य व्यक्तिहरू सरसल्लाह गर्ने प्रतिवेदन सरकारलाई बुझाउने तरीकामा आधारित थियो । यस प्रकारको केन्द्रमुखी तरीकामा परिवर्तन ल्याउने सोच वि.स. २०३२ सालमा आएकै हो र योजना बनाउने प्रयास पनि भएको थियो । तर यो जिल्ला योजना केन्द्रले जिल्लामा गएर बनायो, केन्द्र चिनियो जिल्ला हरायो । अहिले स्थानीय स्वायत्त शासन ऐन २०५५ आएपछि विकेन्द्रीकरण को सोच अनुसार योजना निर्माण गर्ने गरिएको छ । जिल्ला शिक्षा योजना पनि यही विकेन्द्रीकरणको सोच अनुसार अघि बढेको कार्यक्रम हो । यसको निर्माणमा पनि जनतालाई अधिकार, अख्तियारी, जिम्मेबारी र जवाफदेही बनाईन्छ । जसले

गर्दा आँफूले बनाएको योजना आफ्नो जवाफदेही हुन्छ भन्ने सन्देश जिल्ला शिक्षा योजना ले दिएको छ ।

**जिल्ला शिक्षा योजनाको अर्थ आवश्यकता र महत्व**

जिल्ला शिक्षा योजना ( जिल्ला शिक्षा कार्यालयको ५ वर्षे शिक्षा योजना हो । यस योजनामा प्रत्येक वर्ष के कस्ता शैक्षिक कार्यक्रमहरू कहाँ, कहिले, कसरी, कति बजेटको परिसीमा भित्र रहेर गर्ने सञ्चालन गर्ने भन्ने कुरा उल्लेख गरिएको हुन्छ । प्रत्येक विद्यालयले विद्यालय व्यवस्थापन समिति प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदायको सहभागीतामा विद्यालयका समस्याहरूको पहिचान, प्राथमिकता क्षेत्र निर्धारण, स्रोत परिचालन, कार्यान्वयन प्रक्रिया, अनुगमन संयन्त्र प्रगति सूचकहरूलाई समेटेर विद्यालय सुधार योजना तयार गर्दछ । गाँउ शिक्षा समितिले गा.वि.स. क्षेत्र भित्रका विद्यालयहरूले तयार गरेको विद्यालय सुधार योजनाहरूको आधारमा गाँउ शिक्षा योजना तयार गर्दछ । यसले गा.वि.स. क्षेत्र भित्रका शैक्षिक स्थिति, आवश्यकताको पहिचान, स्रोतको परिचालन, प्राथमिकता क्षेत्र निर्धारण र अनुगमन सूचकहरू तय गरी योजना तयार गर्छ । यसरी तयार गरिएको योजनालाई गाँउ विकास परिषदको सोहि रूपमा वा संशोधन सहित स्वीकृति प्रदान गरेपछि गाँउ शिक्षा योजनाले वैधानिक रूप लिन्छ । यसै गरी नगरपालिकाहरूले समेत नगरस्तरीय शैक्षिक योजना तयार गरी नगर परिषदबाट पारित गराउँछ । यसै गरी स्रोतकेन्द्रहरूले आफ्नो सेवा क्षेत्र भित्रका गा.वि.स हरूबाट प्राप्त गाँउ शिक्षा योजनाहरूलाई संकलन गरी समूहीकृत गर्दछ । यसरी समूहीकृत गरिएको विवरण तयार गरी जिल्ला शिक्षा कार्यालयमा पेश गर्दछ । जिल्लाका प्रत्येक स्रोतकेन्द्रहरूबाट प्राप्त विवरणहरूलाई जि.शि.का. ले योजना तर्जुमा टीमलाई हस्तान्तरण गर्दछ । योजना तर्जुमा टीमले प्राप्त सम्पुर्ण विवरण र सूचनाको विस्तृत अध्ययन गरी तोकिएको ढाँचामा जिल्लाको शैक्षिक विवरण तयार गर्दछ । त्यस पछि योजना सल्लाह समितिले अध्ययन गरी आवश्यक संशोधन सहित जि.शि.अ. लाई हस्तान्तरण गर्दछ । सो योजनालाई जिल्ला शिक्षा समितिबाट पारित गरि जिल्ला विकास समितिमा पठाईन्छ । सो योजना शिक्षा तथा खेलकुद समितिले पारित गरि पुन जि.वि.स. मा पठाउँछ, (काफ्ले र अन्य २०६०) ।

यो योजना विषयगत समितिबाट पारित भई आएको प्रारूपलाई जि.वि.स. सभापतिको अध्यक्षतामा रहेको एकीकृत योजना तर्जुमा समितिले क्षेत्रीय विषयगत तयार गर्दछ । समन्वय तथा प्राथमिकता निर्धारण गरी एकीकृत जिल्ला विकास योजनाको अङ्गको रूपमा रहेको जिल्ला शिक्षा योजना जिल्ला विकास परिषद बाट पारित भएपछि जिल्ला शिक्षा योजनाले वैधानिकता प्राप्त गर्दछ । अब जिल्ला शिक्षा योजना क्षे.शि.नि. मार्फत शिक्षा विभागमा आउँछ र शिक्षा मन्त्रालय मार्फत एकीकृत रूपमा राष्ट्रिय योजना आयोगमा पठाईन्छ भने जि.वि.स. मार्फत स्थानीय विकास मन्त्रालय भई राष्ट्रिय योजना आयोगमा आउँछ, (काफ्ले र साथीहरू २०६०) ।

जिल्लाको शैक्षिक परिणामको गुणात्मक तथा परिमाणात्मक अभिवृद्धिका गर्नु नै जिल्ला शिक्षा योजनाको प्रमुख उद्देश्य हो । यसै उद्देश्य अनुसार जिल्ला शिक्षा योजनाको उपयोगिताहरूलाई निम्नानुसार दर्शाउन सकिन्छः

क) स्थानीय स्वायत्त संस्थाहरूलाई विकेन्द्रित शासन प्रणालीको प्रत्यक्ष प्रत्याभूति दिन ।

ख) स्थानीय आवश्यकताको पहिचान र प्राथमिकताको निर्धारण गर्न ।

ग) स्थानीय समुदायमा कार्यक्रम प्रति स्वामित्वको भावना बढाउन ।

घ) स्थानीय तहको क्षमतामा अभिवृद्धि गर्न ।

ङ) योजना निर्माण कार्यलाई सहभागितामूलक र स्थानीय समस्यासँग बढी सरोकार राख्ने बनाउन ।

च) स्थानीय समुदायलाई परिचालन गर्न ।

छ) उपलब्ध स्रोत र साधनलाई स्थानीय आवश्यकता, प्राथमिकता र औचित्यअनुसार बाँडफाड एवम् व्यवस्थित गरी अधिकत्तम परिचालन र उपयोग गर्न ।

ज) क्षेत्रगत तथा समूहगत शैक्षिक दूरी कम गर्न ।

झ) जिल्लामा शिक्षा क्षेत्रमा हुने अनावश्यक बाह्य हस्तक्षेप हटाउन र कार्यक्रमको उपलब्धिस्तर बढाउन ।

ञ) तलबाट माथि आउने योजना तर्जुमा नीति लाई बढावा दिँदै राष्ट्रियस्तरका निर्धारित लक्ष्य पूरा गर्न सहयोग गर्न ।

## १.२ समस्याको कथन

अनुसन्धान कार्यको प्रथम तथा जटिल कार्य समस्याको पहिचान हो । उपयुक्त समस्याको छनौटले पछाडि गरिने अनुसन्धान कार्य र त्यसको परिमाणको उपयोगितामा ज्यादै महत्वपूर्ण प्रभाव पार्दछ । जिल्ला शिक्षा योजनाको निर्माण हुनुपूर्व कुनै किसिमको जिल्ला स्तरीय व्यवस्थित शैक्षिक योजना थिएन । कार्यक्रमहरू तथा बजेट केन्द्रबाट तयार गरी पठाईन्थ्यो । बजेट निकासा र वितरणको कुनै स्पष्ट नीति थिएन जसले गर्दा कुनै जिल्लामा बढी र कुनै जिल्लामा आवश्यकता भन्दा अती न्यून रकम जाने गर्दथ्यो । जि.शि.यो को निर्माणले यो अन्योलता र अस्पष्ट नीतिमा स्पष्टता आएको छ ।

जिल्ला शिक्षा योजना को निर्माण कुनै खास विशिष्ट विशेषज्ञ व्यक्तिबाट नभई, शिक्षासंग लामो समयसम्म हातेमालो गरी अनुभव बटुलेका शिक्षाप्रेमी शिक्षाविद, प्राध्यापक, शिक्षक, सरकारी तथा गैरसरकारी निकायहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, योजनासंग सम्बन्धित कार्यालयका योजना विद्हरूको छलफल, सल्लाह र सुझाब संकलन गरी तयार गरिने हुनाले यसमा रहने कार्यक्रमहरू र बजेट स्थानीय आवश्यकता अनुरूपको हुने योजना मानिएको छ । यसका माध्यमबाट सबै सरोकारवालाहरूलाई शैक्षिक सूचना लिन सजिलो भएको छ । तसर्थ प्राथमिक शिक्षामा जिल्ला शिक्षा योजनाले के कस्तो प्रभाव पारेको रहेछ । प्राथमिक विद्यालयहरूमा के कस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ? के कति मात्रामा कार्यान्वयन हुन बाँकी छ ? किन कार्यक्रमहरू कार्यान्वयन हुन सकेनन् ? तिनीहरूको सकारात्मक तथा नकारात्मक प्रभाव के कस्तो छ ? कार्यक्रम कार्यान्वयनको पक्षमा के कस्ता समस्याहरू देखा परे ? तिनीहरूको निराकरणका उपायहरू के हुन सक्छन् आदि विषयहरूलाई लिएर अध्ययन गर्नका निम्ति निम्न लिखित प्रश्नहरूको खोजलाई ध्यानमा राखि यो सोधको विषय प्राथमिक शिक्षामा जिल्लाशिक्षा योजनाको प्रभाव नामक शीर्षक चयन गरी अध्ययन गरिएको छ :

क) जिल्ला शिक्षा योजनाले प्राथमिक शिक्षाको पहुँच अभिवृद्धिका लागि के कस्ता कार्यक्रमहरू सञ्चालन गरिआएको छ र तिनीहरूको प्रभाव कस्तो छ ?

ख) प्राथमिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि के कस्ता कार्यक्रम कार्यान्वयन गरिआएकाछन् र तिनीहरूको प्रभाव के छ ?

ग) जिल्ला शिक्षा योजना कार्यान्वयन पक्षमा आईपरेका समस्याहरू के के छन् ? ती समस्याहरूको निराकरणका उपायहरू के के हुन सक्छन् ? उपर्युक्त समस्या मनन गरी प्राथमिक शिक्षामा जिल्ला शिक्षा योजनाको प्रभावलाई यस अध्ययनको समस्याको कथनको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

एक्काईसौं शताब्दिको प्रवेशसँगै शिक्षामा पनि आधुनिक चिन्तन र समस्याहरू आइपरेका छन् । यस्ता नविनत्तम चुनौतीको सामना गर्न आँफू पनि सक्षम हुनु आवश्यक छ । समय सापेक्ष रूपले अघि बढ्नको लागि पुराना काम नलाग्ने मूल्य र मान्यतालाई कुल्चेर विज्ञानको विकास सँगै वर्तमान परिवेशको परिवर्तन सँगै हामीले आफ्नो विचार अभिव्यक्ति शैली र चालचलनलाई परिवर्तन गर्न सकेनौं भने कुनै पनि कार्यक्रममा सफलता पाउन सक्दैनौं । आधुनिक शिक्षाको उद्देश्य परिवर्तित परिवेशमा समायोजन गर्न सक्ने दक्ष नागरिक उत्पादन गर्न सक्नु हो ।

यिनै तथ्यहरूलाई मनन गरी बदलिदो परिवेश अनुसार विकेन्द्रीकरणको सिद्धान्तलाई आत्मसात गर्दै शिक्षा क्षेत्रका समस्या समाधानार्थ जिल्ला शिक्षा योजनाको निर्माण र कार्यान्वयन प्रक्रिया ५ वर्षे कार्यक्रमको रूपमा संचालन भई रहेको छ । शुरूमा २०५६-२०६१ सम्म ५ वर्ष यस कार्यक्रमले सफलतापूर्वक कार्य गर्दै आएकोले पुन सो योजनालाई चक्रिय योजनाका रूपमा ७५ वटै जिल्लामा संचालितछन् । यस योजनाले शिक्षाको पहुँच जनस्तर सम्म पुऱ्याउन विद्यालयहरूको स्थापना, बाल विकास केन्द्रको स्थापना र संचालन कार्यमा सहयोग लगायत साक्षरताकक्षा, विशेष कक्षा, शिशु कक्षा र समुदाय परिचालन जस्ता कार्यक्रमहरू संचालन गर्दै आएकोमा त्यस्ता कार्यक्रहरूले प्राथमिक विद्यालयहरूको शिक्षामा के कस्ता प्रभावहरू पारिरहेको छ । ती कार्यक्रमको संचालन प्रक्रियामा देखा परेका समस्याहरू के के छन् ? साथै त्यस्ता समस्याहरू निराकरणका उपायहरू पत्ता लगाउनु यस अध्ययनको औचित्य रहेको छ । यस्तै गरी प्रत्येक वर्ष प्राथमिक विद्यालयहरूका शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि के कस्ता तालिम प्रदान गर्ने सोका उपलब्धिहरू के के छन् ? के कस्तो प्रभावकारीता छ ? र कार्यान्वयनका पक्षमा कस्ता समस्या आईपरे सो को

निराकरणका उपायहरूको अध्ययन गर्नुका साथै संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यक्रम अन्तर्गत प्राथमिक विद्यालय व्यवस्थापन समिति तालिम, स्थानीय क्षमता अभिवृद्धि गर्नका लागि तालिम कार्यक्रमहरूले के कस्तो किसिमको प्रभाव पारेको छ र के कस्ता समस्याहरू आए तिनको निराकरणका उपाय समेतको यस शोधपत्रले अध्ययन अनुसन्धान गरी आगामी दिनहरूमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालय र अन्य शिक्षासंग सम्बन्धित संघ, संस्थाहरूलाई आगामी भावी कार्यक्रम र रणनीति तय गरी सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा गरिएको छ ।

### १.५ अध्ययनको उद्देश्य

यस शोधपत्रलाई पूर्णता प्रदान गर्नको लागि निम्नलिखित उद्देश्यहरूमा आधारित भएर अध्ययन गरिएको छ :

क) प्राथमिक विद्यालयको पहुँच अभिवृद्धिको लागि जिल्ला शिक्षा योजनाको प्रभाव लेखाजोखा गर्नु ।

ख) प्राथमिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि जिल्ला शिक्षा योजनाको प्रभावपत्ता लगाउनु ।

ग) जिल्ला शिक्षा योजना कार्यान्वयनमा आईपरेका समस्याहरूको पहिचान गरी निराकरणका उपायहरू पत्ता लगाउनु ।

### १.६. अनुसन्धानात्मक प्रश्नहरू

कुनै पनि अध्ययन अनुसन्धानका क्रममा अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्नको लागि अनुसन्धानात्मक प्रश्नहरूको आवश्यक पर्दछ प्राथमिक शिक्षामा जिल्ला शिक्षा योजनाको प्रभाव नामक शीर्षक चयन गरी अध्ययन गरिएको यस शोधपत्रमा निम्नलिखित प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

क) जिल्ला शिक्षा योजनाले प्राथमिक विद्यालयको पहुँच अभिवृद्धिको लागि के - कति बालविकास केन्द्र, शिशुकक्षा, वैकल्पिक विद्यालय र विशेष शिक्षा कार्यक्रम संचालन गरेकोछ?

ख) बालविकास केन्द्र,, शिशुकक्षा, वैकल्पिक विद्यालय र विशेष शिक्षा कार्यक्रमा प्रभाव कस्तो छ?

ग) प्राथमिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न के - कस्ता शिक्षक र व्यवस्थापन सँग सम्बन्धित व्यक्तिहरूको तालिम कार्यक्रम संचालित छन्?

घ) तालिम कार्यक्रमको प्रभाव कस्तो छ?

ङ) जिल्ला शिक्षा योजना कार्यन्वयनका समस्याहरू के-के हुन?

च) जिल्ला शिक्षा योजनामा परेका समस्या निराकरणका उपायहरू के-के हुन?

## १.७. अध्ययनको परिसीमा

कुनै पनि अध्ययन अनुसन्धानमा सम्पूर्ण पक्षहरूलाई समेटेर निश्चित लक्षतथा उद्देश्यमा पुग्न नसकिने हुँदा निश्चित समय, उद्देश्य एवम् अन्य विभिन्न चुनौतिहरूलाई मध्यनजर गर्दै यस अध्ययन अनुसन्धान कार्यलाई पनि निश्चित सीमाभित्र सीमाङ्कन गरी निश्चित उद्देश्यमा पुग्ने प्रयास गरिएको छ । यस अध्ययनको क्षेत्र चितवन जिल्ला भरतपुर नगरपालिका क्षेत्र भित्रका १० वटा सार्वजनिक प्राथमिक विद्यालयहरू रहेका छन् । यसै गरी सो विद्यालयका १० जना प्र.अ.हरू, चितवन जिल्लाका विभिन्न स्रोतकेन्द्रमा कार्यरत ८ विद्यालय निरीक्षक/स्रोत व्यक्ति र जिल्ला शिक्षा कार्यालय अन्तर्गत कार्यक्रम शाखाका कार्यक्रम संयोजक समेत गरी जम्मा १९ जना उत्तरदाताहरूलाई नमूना छनौट विधिको आधारमा छनौट गरी अध्ययन गरिएको थियो ।

प्रस्तुत अध्ययनको मुख्य सीमा छोटो समय र अध्ययनको क्षेत्र सीमित हुनु हो । यसो भएता पनि यस अध्ययनको प्राप्तिलाई यसका बारेमा ईच्छा भएका व्यक्ति र योजनाकारहरूलाई भने उपयोगी हुन सक्छ । यस अध्ययनबाट प्राप्त निष्कर्षलाई चितवन जिल्लाको प्राथमिक तहमा सञ्चालन भएका विद्यालयहरूमा अध्ययन गर्ने शैक्षिक योजनाकारलाई उपयोगी रहनुका साथै यस अध्ययन चितवन जिल्ला स्तरमा मात्र सीमित रहन्छ ।

### १.८ सम्बन्धित शब्दावलीको परिभाषा

**क) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना**

प्राथमिक शिक्षाको पहुँच गुणस्तर र शिक्षासंग सम्बन्धित व्यक्तिहरूको व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने उद्देश्वयले नेपाल अधिराज्यका प्राथमिक तहमा वि.सं. २०४९ देखि वि.सं. २०६१ सम्म सञ्चालित कार्यक्रम

**ख) जिल्ला शिक्षा योजना**

जिल्लाको समग्र शैक्षिक विकासको लागि तयार पारिएको ५ वर्षे योजना जिल्ला शिक्षा योजना हो ।

**ग) कार्यक्रम संयोजक**

जिल्ला शिक्षा कार्यालयको कार्यक्रम शाखाको सम्पूर्ण कार्यक्रमहरू सञ्चालन गर्न संयोजकको भूमिका निर्वाह गरेको व्यक्ति

**घ) विद्यालय व्यवस्थापन समिति**

शिक्षा ऐन नियममा व्यवस्था गरिए अनुसारको विद्यालयको व्यवस्थापन र सञ्चालनका लागि गठन गरिएको समिति

**ङ) विद्यालय सुधार योजना**

विद्यालयको वर्तमान स्थितिको पहिचान, सूचकाङ्कहरूको पहिचान, लक्ष्य निर्धारण, योजना अवधिभरको लागत इष्टिमेट जस्ता कार्यक्रमहरू समावेश गरिएको शैक्षिक विकासको लागि तयार गरिएको दस्तावेज विद्यालय सुधार योजना हो ।

**च) वैकल्पिक विद्यालय कार्यक्रम**

औपचारिक शिक्षाको माध्यमबाट विभिन्न कारणले बन्चित (६-१२) वर्ष उमेर समूहका बालबालिकाहरू भएको ठाउँमा कार्यक्रम सञ्चालन गरी उनीहरूकै अनुकल समय मिलाई पढाउने कार्यक्रम नै वैकल्पिक विद्यालय कार्यक्रम हो ।

### छ) विशेष शिक्षा कार्यक्रम

विभिन्न किसिमका हल्का तथा मध्यम खालका प्राथमिक विद्यालय उमेर समूहका अयोग्य बालबालिकाहरूलाई उनीहरूको अयोग्यता अनूकुल हुने गरी अन्य साङ्ग बालबालिका सरह शिक्षाको समान अवसर उपलब्ध गराउको लागि सञ्चालन गरिएको कार्यक्रम नै विशेष शिक्षा कार्यक्रम हो ।

### ज) बाल विकास कार्यक्रम

३ वर्ष देखि ५ वर्ष सम्मका बालबालिकाहरूको शारीरिक, सामाजिक, बौद्धिक र संवेगात्मक विकासको लागि उचित खानपान, स्याहार, सुरक्षा, माया प्रेम, मनोरञ्जन, खेलकूद, अवलोकन, खोजनिति एवं सिर्जनसिलता आदिको विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रम नै बालविकास कार्यक्रम हो ।

# परिच्छेद दुई:

# सम्बन्धित साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको सिंहावलोकन

यस शोधपत्रलाई पूर्णता प्रदान गर्नको लागि त्यस विषयसँग सम्बन्धित लेखरचना, बुद्धिजिवीहरूको भनाई, विभिन्न दस्तावेजहरूको अध्ययन गरी सम्बन्धित साहित्यको सिंहावलोकनको रूपमा निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

काफ्ले र अन्य, (२०६०) ले उद्धृत गरे अनुसार वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पछि शिक्षा विकासका लागि शिक्षा मन्त्रालयको गठन भयो । यस बेला सम्म नेपालमा ३०० जति प्राथमिक पाठशालाहरू, १५ वटा अंग्रेजी आधार र संस्कृत मिडिल स्कूलहरू, २७ जती अंग्रेजी आधार र संस्कृत हाईस्कूलहरू एउटा कलेज र १८ वटा जति विभिन्न किसिमका शैक्षिक संस्थाहरू रहेको पाईन्छ । देशको राजनैतिक परिवर्तनसँगै नेपालको शिक्षा विकासमा महत्वपूर्ण कदमको थालनी भयो । शिक्षा विकासको लागि विविध पक्षमा सुधार गर्नका लागि वि.सं. २००९ सालमा राष्ट्रिय शिक्षा वोर्ड वि.सं. २०१० मा नेपाल राष्ट्रिय शिक्षा आयोग वि.सं. २०१८ मा सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना र वि.सं. २०४८ मा राष्ट्रिय शिक्षा आयोग गठन भयो । यी आयोगहरूले शिक्षामा समय सापेक्ष सुधारका लागि विभिन्न सुझाब एवम् सिफारिसहरू गरिएको देखिन्छ । यस अनुरूप विभिन्न सुधारका प्रयासहरू गरिएका छन् ।

थापा, (२०५९) ले उल्लेख गरे अनुसार जिल्ला शिक्षा योजनाको प्रक्रिया व्यवस्थापन र कार्यान्वयनका लागि तल देखि उठेको योजनालाई सूक्ष्म योजनाको माध्यमबाट निर्माण गर्दै योजनाको तर्जुमा र कार्यान्वयनले विकेन्द्रीकरणको आदर्श सिद्धान्तलाई अवलम्बन गरिएको पाईन्छ । भने जिल्ला शिक्षा योजना निर्माण र कार्यान्वयनका उपायहरू पेश गर्ने, वर्तमानमा सञ्चालित शैक्षिक योजनाहरूको पुनरावलोकन गर्ने, जिल्ला शिक्षा योजना कार्यान्वयनका नीतिहरूको

पुनरावलोकन गर्ने, जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोत व्यक्ति, प्रधानाध्यापक, गैर सरकारी संस्था तथा विभिन्न सरोकारवाला व्यक्तिहरूले शिक्षा योजना निर्माण कार्यमा निर्वाह गरेको भूमिकाको मूल्याङ्कन गर्ने जस्ता उद्देश्यहरूको विषयमा वर्णन गरिनुका साथै जिल्ला शिक्षा योजनाको निर्माण र कार्यान्वयनका लागि सुधारात्मक सुझाव पेश गर्ने उद्देश्यहरू किटान गरिएको पाईन्छ ।

निष्कर्षमा सुझावको रूपमा शिक्षा योजना सबैको जिम्मेवारी हुनुपर्ने, योजना निर्माण कार्यमा सबै तहका व्यक्तिहरू सामेल गराउनु पर्ने, स्थानीय स्वायत्त शासन ऐनको अवधारणा अनुसार नै योजना निर्माण गर्नुपर्ने, आवश्यकताहरू प्राथमिकताको क्रम अनुसार राख्नुपर्ने, स्थानीय तहका व्यक्तिलाई नै योजनाको विज्ञ बनाउनुपर्ने, जि.शि.का. मा योजना निर्माण गर्ने प्राविधिकहरू तयार गर्नुपर्ने, योजनाको सुपरिवेक्षण कार्य प्रभावकारी हुनुपर्ने सुझाव दिईएको छ ।

काफ्ले, (२००१) का अनुसार नेपालमा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम कार्यान्वयन सँगसँगै कार्यक्रमको महत्वपूर्ण अंगको रूपमा कार्यान्वयन भएको जिल्लास्तरीय शैक्षिक योजनामा आधारित भै विषय वस्तुको विश्लेषण गरिएको छ । शैक्षिक योजनाले समाज, व्यक्ति राष्ट्रको आवश्यकता र आर्थिक विकासका उद्देश्य अनुसारको सक्षम नागरिक तयार गर्न प्रयत्न हुन्छ । तसर्थ लेखकले शैक्षिक योजनालाई भविष्यको लगानीको रूपमा लिएका छन् । जिल्ला शिक्षा योजनाले जिल्लामा कार्यरत कर्मचारी, सरोकारवाला व्यक्ति र शिक्षामा चासो राख्ने व्यक्तिहरूमा योजनाको अवधारणा, समस्याको पहिचान, योजनाको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन जस्ता पक्षहरूमा सचेत र क्रियाशिल भएकोले स्थानीय क्षमता अभिवृद्धिमा यथेष्ट सहयोग पुगेको कुरा उल्लेख गरिएको छ । केन्द्रिय स्तरमा निर्माण गरिएका योजनाले स्थानीय आवश्यकतालाई परिपूर्ति गर्न नसकेको यथेष्ट प्रमाणहरू पाइएको विषयमा उल्लेख गरेको पाईन्छ । जिल्ला शिक्षा योजनाको निर्माणमा विश्वसनीय तथ्याङ्कको अभावलाई प्रमुख समस्याको रूपमा लिईएको पाईन्छ । यसका अलावा योजना सम्बन्धी चेतनाको अभाव, समस्याको विश्लेषण नै नगरी योजना निर्माण हुने, न्यून सहभागिता, राजनैतिक प्रभाव र सरकारमुखी जनचाहना आदिलाई बाधकको रूपमा लेखकले लिएको पाईन्छ ।

देवकोटा, (२०६०) ले जिल्ला शिक्षा योजना कास्कीले त्यस जिल्लाको प्राथमिक विद्यालयमा पारेको प्रभावको बारेमा अध्ययन गर्नु भएको थियो । उहाँले कास्की जिल्ला भित्रका १० वटा सार्वजनिक प्राथमिक विद्यालयलाई अध्ययनको लागि लिनु भएको थियो । विद्यार्थीको भर्नादर, अनौपचारिक शिक्षाको अवस्था, प्राथमिक शिक्षाको पहुँच, तालिमको अवस्था, योजना कार्यान्वयनका समस्याहरू सम्बन्धमा जि.शि.अ., वि.नि.हरू, प्रधानाध्यापकहरू र विद्यार्थीहरूको धारणा प्रतिक्रिया विश्लेषण गर्ने उद्देश्यहरू राखिएका थिए । उहाँले आफ्नो अध्ययनको प्राप्तीको रूपमा भर्ना दरमा कमी, अनौपचारिक कार्यक्रमहरूको न्यूनता, तालिम कार्यक्रमको कमी र बजेटको कमी भएकोले कार्यक्रम कार्यान्वयनको अवस्था कमजोर रहेको पाईयो भनी उल्लेख गर्नु भएको छ । यसका लागि छात्रवृत्ति कोटा बढाई भर्ना दर बृद्धि गर्ने अनौपचारिक शिक्षाका कार्यक्रमको विस्तार गरि पहुँच बढाउने, शिशु कक्षाको अनिवार्यता गर्ने, शिक्षक, प्रधानाध्यापक र वि.व्य.स.को तालिम विस्तार गर्नु पर्ने वजेटको आश्यक व्यवस्था गरी कार्यक्रमको पूर्ण कार्यान्वयनमा जोड दिनु पर्ने र यसो गर्न सकिएमा उद्देश्य पुरा गर्न सजिलो हुने कुरा उल्लेख गर्नु भएको छ ।

शिक्षा नियमावली शिक्षाको सातौं संशोधन, (२००२) ले उल्लेख गरे अनुसार विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षाहरू र समुदायमा आधारित प्रारम्भिक वाल विकास केन्द्रहरू दुवैलाई मान्यता प्रदान गरेको छ । त्यसै गरी विभिन्न अन्तर्राष्ट्रिय/राष्ट्रिय, गैरसरकारी र अन्य संस्थाहरूले समुदायमा आधारित विभिन्न प्रकारका प्रारम्भिक वाल विकास केन्द्रहरू संचालन गरिरहेका छन् । निजी तहका अधिकांश विद्यालयहरूले प्राथमिक विद्यालय पूर्व उमेरका बालबालिकाहरूका निम्ति नर्सरी र किन्डर गार्टेन तहहरू चलाउने गरेका छन् । ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरू यस समूह भित्र पर्ने कानूनी प्रावधान छ ।

सहस्राब्दी विकास लक्ष्यहरू (MDG) (२००१-२०१५) अनुसार बीसौं शताब्दीका अन्तिम दशकमा आयोजना गरिएका संयुक्त राष्ट्र संघीय विश्व सम्मेलनहरूले विश्वको विकास सम्बन्धी केही प्रमुख लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरेका छन् । तिनै लक्ष्य तथा उद्देश्यहरू मध्ये मुख्य मुख्यको सूचीलाई नै अन्तर्राष्ट्रिय विकास उद्देश्यहरूका रूपमा चिनिएको छ । सन् २००० को सेप्टेम्बरको कूल १९१ राष्ट्रहरू एवम् १४१ राष्ट्र तथा सरकार प्रमुखहरूद्धारा सहस्राब्दी घोषणा पत्र अनुमोदन

गरिएको थियो । उक्त घोषणा पत्रमा शान्ति, सुरक्षा तथा विकासका साथसाथै वातावरण, मानवअधिकार तथा शासन व्यवस्था बारे प्रकाश पारिएको छ । हालै ती सबै उद्देश्य तथा लक्ष्यहरूलाई सहस्राब्दी विकास लक्ष्यहरूका रूपमा एकिकृत गरिएको छ । अन्तर्राष्ट्रिय विकास उद्देश्यहरूलाई समेटेको सहस्राब्दी विकास लक्ष्यहरूले मानव विकासको सुपरिवेक्षणको लागि लक्ष्य तथा उद्देश्यहरूलाई संयोजित गरेको छ । यो निम्न आठ वटा लक्ष्यहरूको सेरोफेरोमा केन्द्रित भएको उल्लेख गरिएको छ :

गरिबी तथा भोक उन्मूलन,विश्वव्यापी रूपमा प्राथमिक शिक्षा प्राप्ती, लैंगिक समानता तथा महिला सशक्तीकरण प्रवर्द्धन, बाल मृत्युदर न्यूनीकरण, मातृ स्वास्थ्यमा सुधार,एच. आई. भी./ एड्स, औलो तथा अन्य रोगहरू विरूद्ध संघर्ष, वातारणीय दिगोपनाको प्रत्याभूती, विकासका लागि विश्वव्यापी साझेदारीको विकास गर्ने जनस्ता उद्देश्यहरु रहेका छन् ।

नेपालले विश्वव्यापी रूपमा प्राथमिक शिक्षा प्राप्तीका लागि सन् २०१५ सम्म सबै ठाउँको सम्पूर्ण बालक तथा बालिकाहरूले समान रूपमा प्राथमिक विद्यालयको पूर्ण शिक्षा हासिल गरेको सुनिश्चित गर्ने उद्देश्य राखेको छ । प्राथमिक शिक्षामा भर्ना सम्बन्धी वर्तमान प्रगति दर माथि दृष्टि दिने हो भने सन् २०१५ सम्ममा नेपालले प्राथमिक शिक्षा अवसर सम्बन्धी विश्वव्यापी लक्ष्य हाँसिल गर्न सक्ला जस्तो छैन् । सन् १९९० तथा सन् १९९९ को अवधिमा प्राथमिक शिक्षा भर्नाको औसत वार्षिक वृद्धिदर १.३ प्रतिशत मात्र रहेको थियो । यही प्रवृति कायम रहेमा सन् २०१५ सम्ममा प्राथमिक शिक्षाका लागि उपयुक्त उमेरका सम्पूर्ण बालबालिका मध्ये ८९ प्रतिशतले मात्र सो अवसर प्राप्त गर्न सक्ने अवस्था देखिन्छ । सबैका लागि शिक्षा अभियानले विशेष व्यवस्था गर्न सकेको खण्डमा मात्र केही परिवर्तन आउन सक्दछ ।

सबैका लागि शिक्षालाई राष्ट्रिय कार्ययोजना नेपाल (२००१-२०१५) ले कार्यान्वयन गरे अनुसार विश्व शिक्षा मञ्च को बैंठक (सन् २०००) ले नेपाल जस्तो देशहरूले विभिन्न कठिनाईहरूको सामना गर्नु परेको महसुस गरियो । सोही अनुसार विश्व मञ्चले डकार कार्यढाँचा सबैको लागि शिक्षा हाम्रो सामुहिक प्रतिवद्धता लक्ष्य प्राप्त गर्नु पर्ने कुरालाई अंगिकार गरियो । यस कार्य ढाँचाले सन् २०१५ सम्ममा सबैको लागि शिक्षाका ६ वटा लक्ष्यहरू निर्धारण गरेको छ । राष्ट्रिय एवम्

अन्तर्राष्ट्रिय स्तरमा गरिएको सामुहिक प्रतिवद्धतामा प्राविधिक क्षमता तथा स्रोतको अभावले गर्दा कुनै पनि देश शिक्षाको क्षेत्रमा पछाडि नपरोस भन्ने कुरा यस ढाँचाको प्राथमिकता हो । डकार मञ्चले सन् २०१५ का लागि तोकेका छ वटा लक्ष्य अनुरूप नेपालले पनि राष्ट्रिय कार्य योजनाको रूपरेखा तयार गरेको छ । नेपालले सबैका लागि शिक्षा लक्ष्य पुरा गर्न राखेका कार्यक्रमहरू यस प्रकार छन् :

क) प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षा

ख) स्तरयुक्त निःशुल्क र अनिवार्य प्राथमिक शिक्षामा पहुँच

ग).उपयुक्त सिकाइ र जीवनोपयोगी सीपहरूमा न्याय

घ. प्रौढहरूका लागि साक्षरतामा सुधार

ङ) लैंगिक र सामाजिक असमानताको निवारण

च) मातृभाषाको माध्यमबाट आधारभूत र प्राथमिक शिक्षा सुनिश्चित

छ) स्तरीय शिक्षा र मापन योग्य सिकाई परिणाम

खनाल र आचार्य, (२०६०) का अनुसार योजना तर्जुमा देखि योजना कार्यान्वयन र उपभोगसम्म शिक्षाका प्राथमिक सरोकारवाला व्यक्तिहरूलाई प्रत्यक्ष संलग्न गराई समताका आधारमा समाजका हरेक व्यक्तिलाई शैक्षिक लाभको भागिदार बनाउनु नै शैक्षिक विकेन्द्रीकरण हो भन्ने विषयमा उल्लेखित छ । लेखकले विकेन्द्रिकृत शैक्षिक योजना तथा व्यवस्थापनका केही पूर्वशर्तहरू पनि उल्लेख गरेको पाईन्छ । ती शर्तहरूमा कार्यमूलक विकेन्द्रीकरण प्रशासनिक विकेन्द्रीकरण, प्रजातान्त्रिक विकेन्द्रीकरण आर्थिक विकेन्द्रीकरण र संस्थागत विकेन्द्रीकरण भएको विषयमा उल्लेख छ ।

दशौं योजना (२००२-२००७) अनुसार विकेन्द्रीकरणको रणनीतिलाई आधार बनाईएको छ । स्थानीय समुदायको क्षमता बृद्धि गर्न प्रतिष्पर्धी भावनाको विकास गर्न शैक्षिक योजना निर्माणमा सकृय सहभागी गराउने उद्देश्य राखेको छ । विकेन्द्रीकरणको माध्यमबाट स्थानीय समुदायलाई सचेत बनाई काम, कर्तव्य र अधिकार सहितको शैक्षिक व्यवस्थापन हस्तान्तरण गर्ने प्रकृया नीति अवलम्बन गर्ने निर्णय गरियो । शिक्षा ऐनको सातौँ संशोधनले विकेन्द्रीकरण गर्ने प्रकृयालाई अगाडि

बढाएको छ । यस नियमावलीद्धारा निर्मित वि.व्य.स. लाई विद्यालयको व्यवस्थापनको सुधारको लागि उत्तरदायि बनाएको छ ।

कार्यक्रम कार्यान्वयन पुस्तिका (२०६४) ले प्रभावकारी सेवा प्रवाह गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु शैक्षिक विकेन्द्रीकरणको माध्यमबाट विद्यालयको योजना निर्माण देखि लिएर व्यवस्थापन, संचालन अनुगमन र मुल्याङ्कन जस्ता पक्षमा स्थानीय समुदायलाई नै बढी जिम्मेवारी र उत्तरदायि बनाउने कार्य सामुदायिक विद्यालय सहयोग कार्यक्रम मार्फत भैरहेकोछ ।

तीनवर्षे अन्तरिम योजना (२०६४) का अनुसार स्थानीय तहमा शिक्षायोजना लगायत शैक्षिक प्रक्रियाका सबै पक्षमा स्थानीय निकाय जिम्मेवार हुने गरी शैक्षिक व्यवस्थापन संघीय विकेन्द्रीकरणको ढाँचामा गरिने विद्यालयको समुहिकरण, समन्वय, श्रोत परिचालन, संचालन निर्देशिका निर्माण तथा गुणस्तर लक्ष्य निर्धारण गर्न जिम्मेवार रहने र विद्यालय व्यवस्थापन समिति विद्यालयको व्यवस्थापन तथा संचालन गर्न जिम्मेवार रहने व्यवस्था गरिएको छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) अनुसार शिक्षा प्रशासनमा योजना कार्यान्वयन, मूल्याङ्कन आदि साथ साथै जाने व्यवस्था गर्ने । योजना र मूल्याङ्कन कार्य पूरा केन्द्रिकृत र कार्यान्वयन गर्ने काम विकेन्द्रित हुने व्यवस्था गरिएको पाईन्छ । कार्यान्वयनलाई छिटो छरितो पार्न पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रहरूमा क्षेत्रीय निर्देशनालय रहने, जिल्लामा जिल्ला शिक्षा अधिकारी रहने र जिल्लाका विद्यालयहरू सँग तिनीहरूको सोझै सम्बन्ध रहने व्यवस्था रहेको पाईन्छ ।

अधिकारी, (२०६७) को शैक्षिक विकासमा त्रिवर्षीय योजना नामक लेख अनुसार शिक्षा मानवको नैसर्गीक अधिकार र राष्ट्रको चौतर्फि विकासको आधार भएकोले राज्यले यस क्षेत्रमा ठूलो धनराशी लगानी गर्दै आएको, राज्यको कूल बजेटमा पनि ठूलो अंश शिक्षामा विनियोजन गरिएको तर राज्यले लगानी गरे अनुसार प्रतिफल भने हासिल गर्न नसकेको बारेमा उल्लेख गरिएको छ । यसैगरी सरकारी अनुदानबाट सञ्चालित सामुदायिक विद्यालयमा गुणस्तरीयत तथा नियमित पठन पाठन

हुन नसक्नुका कारणहरूमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दि नहुनु, विषयगत शिक्षक नुहुन, शिक्षकहरूको पेशाको प्रत्याभूति नहुनु, प्रभावकारी तालिम नहुनु, सरकारी निकायबाट हुनुपर्ने अनुगमन तथा मूल्यांकन प्रभावकारी नहुनु जस्ता कारणले गर्दा अपेक्षित उपलब्धि हासिल गर्न नसकिएको बारेमा उल्लेख गरिएको छ । सरकारी विद्यालयमा निःशुल्क भनीएका कक्षाहरूमा पनि विद्यार्थीहरू शुल्क तिर्न बाध्य छन् । साथै निजी विद्यालयहरू सरकारको नियन्त्रणमा छैनन् । उनीहरू आफूखुसि शुल्क वृद्धि गर्नुका साथै शिक्षा शुल्क समेत सरकारलाई बुझाउन मान्दैनन् । उनीहरूले प्रयाप्त शुल्क असुलेर शिक्षकको नियुक्ति गर्ने, थप कक्षाहरू सञ्चालन गरी सामुदायिक विद्यालयहरू भन्दा राम्रो नतिजा ल्याउने गरेका छन् । तापनि उच्च शिक्षामा भने सामुदायिक विद्यालयका विद्यार्थीहरूले उत्कृष्ट नतिजा ल्याउन सफल हुन्छन् । यसको कारण निजी विद्यालयका विद्यार्थीहरूमा मौलिकता नहुनु, आफ्नै ज्ञान कमजोर हुने, घोकेर पढ्ने जस्ता कारणहरूले गर्दा उनीहरूको क्षमता प्रष्फुटन हुन नसकेको कुरा उल्लेख गरिएको छ ।

शिक्षाको विकासको लागि राष्ट्रिय योजना आयोगले त्रिवर्षीय योजना तयार पारेको जसमा शिक्षाको गुणस्तर वृद्धि गरी समय सापेक्ष शिक्षा प्रदान गर्ने महत्वपूर्ण लक्ष राखिएको, शिक्षामा स्पष्ट नीतिको अभाव, अत्याधिक राजनीतिक प्रभाव र सबै तहको शिक्षामा गुणस्तर कमजोर रहनुका साथै शिक्षा सम्बन्धी तथ्यांकको अभाव पनि यस क्षेत्रको प्रमुख समस्या रहेको कुरा औंल्याइएको छ । यस्ता समस्याको प्रभावकारी समाधानका लागि पूर्व प्राथमिक शिक्षाको विकास र विस्तार गर्ने, सीपमूलक, रोजगारोन्मुख शिक्षाको विकास र विस्तार, उच्च शिक्षालाई समसामयिक बनाउँदै सकारात्मक सामाजिक परिवर्तनको माध्यमको रूपमा विकास गर्ने उद्देश्य त्रिवर्षीय योजनाले लिएको कुरा औंल्याइएको छ ।

यसै गरी सबैलाई अनिवार्य स्तरीय तथा निःशुल्क आधारभूत शिक्षा र उच्च शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गर्ने, साक्षरतासँग जीवनयापन सीप तथा कामको समन्वय गर्दै सबै नेपाली र विशेष गरी महिला तथा बञ्चितीकरणमा परेकाहरूलाई साक्षरताको अवसरहरू प्रदान गर्ने, संस्थागत र सरकारी विद्यालय बीच साझेदारी र समन्वय प्रवर्द्धन एवम् सरकारी विद्यालयको शैक्षिक स्तर वृद्धि गर्दै दुवै क्षेत्र बीचको शैक्षिक खाडल कम गर्ने उद्देश्य योजनाले राखेको कुरा औंल्याइएको छ ।

काफ्ले र अन्य (२०६४) का अनुसार शैक्षिक योजनालाई प्रभावित गर्ने शैक्षिक योजनालाई प्रभावित गर्ने 'विकेन्द्रीकरण' अत्यन्त महत्वपूर्ण तत्वका रूपमा औंल्याउदै सार्वजनिक विद्यालयका सम्बन्धमा निर्णय प्रक्रिया र रकम उपलब्ध गराउने सवालमा विकेन्द्रीकरण अत्यन्त महत्वपूर्ण भएको बताउनु भएको छ । सबै सामुदायिक तथा निजी संस्थाहरूले आफ्नो उद्देश्य अनुसारको संरचना, कर्मचारी, लक्षित समूह तथा स्रोतका बारेमा निर्णयको सुनिश्चितता चाहान्छन् । जनसहभागिता जनशक्तीकरण सु-शासन, कानुनी शासन, पारदर्शी कार्यशैली तथा क्रियाशिलता, जवाफदेहिता आदि विकेन्द्रीकरणका सैद्धान्तिक आधार भएको कुरा जानकारी गराउँदै वैयक्तिक, सामाजिक, शैक्षिक मागहरूको परिपूर्ति गर्नु, शैक्षिक निर्णय प्रक्रिया अर्न्तगत व्यापक रूपमा सरोकारवालाहरूको सहभागिता जुटाउनु तथा शिक्षा प्रणालीको सक्षमतामा अभिवृद्धि गर्न विकेन्द्रीकरण एउटा सशक्त माध्यम भएको उल्लेख गरिएको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) का अनुसार उच्च शिक्षाको सुविधालाई विकेन्द्रीकरण गरी नेपालका विभिन्न क्षेत्रहरूमा विश्वविद्यालय, महाविद्यालय र उच्च शैक्षिक संस्थाहरूको स्थापना गर्न सिफारिस साथै शिक्षाका विविध क्षेत्रमा नीति निर्माण तथा योजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका निम्ति विभिन्न स्तरका निकायहरूको स्थापनाका साथ वर्तमान व्यवस्थापनलाई सुदृढ राखेको पाईन्छ ।

## २.२ सैद्धान्तिक खाका

सिद्धान्त एउटा जटिल कुरा हो । यो जटिल हुनाको कारण सैद्धान्तिक मात्र हुनु र यसलाई व्यवहारमा नल्याउनु हो । यसलाई व्यवहारमा ल्याउन प्रशस्त ज्ञान, क्षमता र दक्षता आवश्यक हुन्छ सो नभएमा सिद्धान्त जटिल बन्दछ ।  सिद्धान्त भनेको कल्पनाहरूको समूह हो । जसबाट कानुन बनाइन्छ तर सिद्धान्त कानुन होइन । हाल सम्म विभिन्न सिद्धान्तहरू प्रतिपादन भईसकेका छन् । यी विभिन्न सिद्धान्तहरू मध्ये मेरो सोधको विषय प्राथमिक शिक्षामा जिल्ला शिक्षा योजनाको प्रभावसँग मिल्दो सिद्धान्त विकेन्द्रीकरणको सिद्धान्त देखिन आउँछ ।

L.D White (1968) का अनुसार विकेन्द्रीकरणको सिद्धान्त अनुसार स्थानीय निकायहरूले आफ्नो क्षेत्रका व्यक्तिका आवश्यकता अनुसार त्यसलाई पूरा गर्न सहयोग गर्ने गरी शैक्षिक योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा स्थानीय सरोकारवालाहरूलाई सरिक गराई जनमानसमा शैक्षिककार्यक्रमहरू प्रति बढी उत्तरदायित्व र स्वामित्वको भावना अभिवृद्धि गरी सहभागिमूलक योजना र साझेदारी व्यवस्थापनको अवधारणामा आधारित योजना जिल्ला शिक्षा योजना हो । जुन विकेन्द्रीकरणको सिद्धान्त अनुसार निर्मित एउटा अभ्यास हो । सर्वमान्य चिन्तनमा महत्वपूर्ण रहस्य लुकेको हुन्छ । सैद्धान्तिक अवधारणामा आधारित भएर व्यवहारिक पक्षको परिचालन गर्नु पर्दा सिद्धान्त विश्लेषण आवश्यक ठानिन्छ । सिद्धान्तले के भन्छ र व्यवहारमा के देखिन्छ । यी दुई बिचको अन्तर पत्ता लगाई समाधानका उपाय खोजी गर्नु आजको आवश्यकता हो । विकेन्द्रीकरणको सिद्धान्त अनुसार विकासको प्रतिफल तल्लो तहसम्म पुऱ्याई कार्यान्वयन गर्ने दायित्व स्थानीय तहको हुन्छ भन्ने कुरामा जोड दिन्छ । विकेन्द्रीकरणको अवधारणाले स्थानीय तहको विकासमा स्थानीय निकायको भूमिका महत्वपूर्ण हुन्छ भने कुरामा जोड दिन्छ । यस अवधारणा अनुसार स्थानीय निकायले स्थानीय आवश्यकता अनुसार नीति तथा योजना निर्माण गर्दछन् । र त्यसलाई अनुमोदन गर्नेकाम केन्द्रिय तहले गर्नु पर्दछ भन्ने मान्यता राख्दछ ।

यस अध्ययनको सन्दर्भमा पनि प्राथमिक शिक्षाको विकासमा स्थानीय सरोकारवालाहरू जस्तैः शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदि जस्ता पक्षहरूलाई योजना निर्माणको पूर्वाधारका रूपमा मानेर विद्यालय सुधार योजना निर्माणमा संलग्न गराउने गरिएको छ । सिद्धान्तले स्थानीय सरोकारवालाहरूलाई योजना निर्माणमा सहभागी गराउने भनीएता पनि व्यवहारमा यसो भएको पाईदैन । विद्यालय सुधार योजना निर्माणमा विद्यालय प्रशासनले आफु खुशी योजना बनाउने गरेको र सो योजना योजनाकै रूपमा रहेको तितो यथार्थ चाँही अवश्य नै छ । साँच्चै योजनाले फड्को मार्नका लागि विद्यालय सुधार योजना निर्माणमा स्थानीय सरोकारबालाहरूलाई प्रत्यक्ष व्यवाहारमै संलग्न गराएमा समग्र पक्षको विकास हुने देखिन्छ अन्यथा शिक्षाको गुणस्तर वृद्धि गर्ने प्रयास खेर जाने निर्विवाद छ । त्यसैले सबै व्यक्तिहरूलाई शैक्षिक क्षेत्रमा सहभागी गराउन उनीहरूका आवश्यकता अनुसारका योजना निर्माण र कार्यान्वयन गर्नु आवश्यक हुन्छ ।

प्राथमिक विद्यालयको शैक्षिक अवस्थामा सुधार गरी शिक्षामा गुणस्तरीयता कायम गर्न सरोकारवालाहरूको आवश्यकता र चाहना पहिचान गरी त्यसलाई पुरा गर्न योजना निर्माणमा सरोकारवालाहरूलाई प्रत्यक्ष सहभागिता गराउनु पर्ने देखिन्छ । विकेन्द्रीकरणको सिद्धान्त अनुसार स्थानीय तहमै योजना निर्माण र कार्यान्वयन गरेर तल्लो तहमा रहेका स्थानीय सरोकारवालाहरूलाई जिम्मेबारी जवाफदेही र अधिकार सम्पन्न बनाउन सकिएमा अवश्य नै प्राथमिक शिक्षामा देखिएका समस्याहरू स्वतः समाधान गर्न सकिने ठानिएको छ ।

यसगरी यस शोधअध्ययनको विषयसँग सम्बन्धित दोस्रो सिद्धान्तको रूपमा सहभागिता मूलक ग्रामिण लेखाजोखा (पि.आर.ए.) छनौट गरिएको छ । यस सिद्धान्त अनुसार सन् १९५९ र १९६० को दशकमा विकासोन्मुख देशहरूको आर्थिक अवस्था सुधारको निमित्त वृहत पुँजीको लगानी र प्रविधि प्रसार गर्नु आवश्यक छ भन्ने धारणा व्याप्त थियो । कुनै पनि अविकसित राष्ट्रको विकास नहुनुमा पुँजीको लगानी गर्न नसक्नु र उच्च प्रविधिको प्रयोग गर्न नसक्नु नै हो भन्ने मान्यता थियो । फलस्वरूप १९७० तिर आधुनिक औधोगिक राष्ट्रहरूबाट गरिब राष्ट्रहरूको विकासको निम्ति प्रविधि हस्तान्तरणका लागि हरितक्रान्तिको प्रारम्भ भयो । यसले पनि कम विकसित देशका अधिकांश जनताका अधिकांश समस्याहरू समाधान हुन सकेनन् । यस अवधिमा विकास सम्बन्धी कार्यकर्ता एवम् अनुसन्धानकर्ताहरूले ग्रामीण समाजको वातावरण, आर्थिक अवस्था, संस्कृति र राजनीतिबीच अन्योन्याश्रीत सम्बन्धका बारेमा जानकारी प्राप्त गरे । समाजको निश्चित प्रणाली भित्रको कुनै पनि एउटा पक्षलाई निष्कृय राखेको खण्डमा अर्को पक्षलाई आवश्यकता अनुसार परिवर्तन गर्न नसकिने महशुश गरी समुदायको विकासका लागि समग्र पक्षलाई एकैसाथ लिएर जानुपर्ने अवधारणाको शुरूवात स्वरूप सहभागितामूलक ग्रामिण लेखाजोखा पद्धति (पि.आर.ए.) को थालनी भयो । पि.आर.ए. समुदायमा गएर काम गर्ने सामाजिक पद्धति हो । यो समुदायिक सहभागितामा ग्रामीण विकास गर्ने पूरानो तरिकालाई व्यवस्थित र नयाँ तरिकाबाट गर्ने आधुनिक उपाय हो । यो कुनै दार्शनिकहरूको दर्शनशास्त्र वा वैज्ञानिकहरूको प्रयोगशालाबाट प्रतिपादित सिद्धान्त होइन । यो सामुदायिक विकास कार्यक्रममा संलग्न सामुदायिक विकाससँग सम्बन्धित कार्यकर्ताहरूले कामगर्ने सिलसिलामा काम गर्दै र सिक्दै र फेरी काम गर्दै जाने क्रममा कार्य अनुभवबाट विकास भएको

विधि हो । पि.आर.ए. ग्रामिण विकासको लगि ग्रामीण समुदायहरू बीच स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको उपयोग र व्यवस्थापनको निम्ति सहभागितापूर्ण योजना तर्जुमा गर्ने विधि हो ।

पि.आर.ए. विधिको माध्यमद्वारा स्थानीय सरोकारवालाहरूको सक्रियतामा योजना निर्माण गर्दा योजना निर्माण, कार्यान्वयन, अनुगमन र पुन योजना निर्माण गर्नमा सहजता आउने र जिल्ला शिक्षा योजनामा समेटेका उद्देश्यहरूलाई परिपूर्ति गरी पहुँच, गुणस्तर र व्यवस्थापन दक्षतामा अभिवृद्धि गर्न सकिन्छ । सबै पक्षको सहभागितामा कुनै पनि काम गर्दा कमी कमजोरी कम हुँदै जाने, ढिलासुस्ती हड्दै जाने भएकोले जिल्ला शिक्षा योजना निर्माण  प्रक्रियामा पि.आर. ए. विधिको प्रयोग अपरिहार्य हुन सक्दछ । विद्यालय र समुदाय बीचको सम्बन्धलाई यस विधिले प्रगाढ बनाउँदछ । उनीहरूमा विद्यालय प्रति अपनत्वको भावना जगाउँछ । योजना प्रति सकारात्मक भावनाको विकास गराउँदछ भन्ने मान्यताका आधारमा अध्ययनलाई अझ प्रष्ट पार्नका लागि पि.आर. ए. विधिलाई छनौट गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

प्रतिवेदनमा लेखनमा सम्बन्धित साहित्यको सिंहावलोकनको महत्वपूर्ण भूमिका रहन्छ । शोधकर्ताले शोध कार्यको दौरानमा शीर्षकसँग सम्बन्धित लेख, रचना, पुस्तक र शोधकार्यहरूको सिंहावलोकन गर्नु अपरिहार्य हुन आउँछ किनकि साहित्यको सिंहावलोकनको माध्यमद्वारा नै अध्ययन अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन सकिन्छ ।

शोधकर्तालाई प्राथमिक शिक्षामा जिल्ला शिक्षा योजनाको प्रभाव अध्ययन गर्ने क्रममा माथि अध्ययन गरिएका साहित्यहरुले जिल्ला शिक्षा योजनाको लक्ष, यसको वर्तमान अवस्था, यसको कार्यान्वयनको अवस्थाका साथै यसको कार्यान्वयनमा आइपरेका समस्याहरुको बारेमा जानाकारी प्राप्त भएको थियो । जिल्ला शिक्षा योजना विकेन्द्रीकरणको सिद्धान्त अनुसार तयार भएको योजना भएको यसको निर्माण र कार्यान्वयन स्थानीय सरोकारवालाहरुलाई नै जिम्मेवारी र जवाफदेही पूर्ण बनाउने आधारमा तयार गरिएको रहेछ । नेपाल सरकारले आगामी २०१५ सम्म सम्पूर्ण प्राथमिक उमेरका

वालवालिकाहरुलाई आधारभूत प्राथमिक शिक्षा हासिल गराउने लक्ष्य पूरा गर्न जिल्ला शिक्षा योजनामा कार्यक्रमहरु थप्नु पर्ने देखिन्छ । प्राथमिक शिक्षाको वर्तमान भर्नादर हेर्दा यो लक्ष्य पूरा गर्न कठिन देखिन्छ ।

जिल्ला शिक्षा योजनाको प्रभाव बढाउन पि.आर.ए. विधिको सिद्धान्त लागु गर्नुपर्ने देखिन्छ । शोधकार्य पूरा गर्न सिद्धान्त चयन गर्न शोधलाई संगठित गर्न र विचलन रोक्न मैले अध्ययन गरेका साहित्यले पूर्ण सहयोग गरेको अनुभव गरेको छु । विकेन्द्रीकरणको सिद्धान्त र पि.आर.ए. को सिद्धान्त मेरो शोधको विषय जिल्ला शिक्षा योजनाको प्रंभाव सँग एकाकार भएको छ । विकेन्द्रिकरणको सिद्धान्त र पि.आर.ए विधिलाई अध्ययन गरेर नै जिल्ला शिक्षा योजनालाई यसको लक्ष्यमा पुग्न सहजता हुने ठानी मैले मेरो शोध कार्यलाई यसैको मार्गदर्शन अनुसार अन्य विषयका शोधकार्यहरु भन्दा वेग्लै खालको जिल्ला शिक्षा योजना सँग सम्बन्धित अनुसन्धान गरेको छु। मलाई यी साहित्यहरुको अध्ययन बाट प्राथमिक शिक्षाको पहुँच, गुणस्तर र व्यवस्थापन क्षमता अभिवृद्धि गर्न तथा शिक्षाका राष्ट्रिय लक्ष्य पूरा गर्न योजनाले राखेका कार्यक्रम र तीनिहरुको कार्यान्वयनका समस्या र समाधानका उपायहरु खोजी गर्न प्रेरित गरी निष्कर्ष निकाल्न सहयोग गरेको छ ।

# परिच्छेद तीन :

# अध्ययनविधि

जुनसुकै क्षेत्रको अध्ययन तथा अनुसन्धान एउटा जटिल र महत्वपूर्ण कार्यको रूपमा लिन सकिन्छ । अध्ययन तथा अनुसन्धानबाट जुनसुकै क्षेत्रका विषयवस्तुहरूको प्रभावकारिता र समस्याका विषयमा विस्तृत रूपमा जानकारी लिई निष्कर्षमा पुग्न सहयोग गर्दछ । चितवन जिल्लाको जिल्ला शिक्षा योजना बाट जिल्लामा सञ्चालित प्राथमिक विद्यालयमा के कस्तो ? किसिमको प्रभाव परेको छ र योजना कार्यान्वयनमा आइपरेका समस्याहरू के के छन् ? एवम् ती समस्याहरूको निराकरणका उपायहरू के के हुन सक्छन भन्ने विषयमा जिल्ला शिक्षा कार्यालयमा कार्यरत कार्यक्रम संयोजक , विद्यालय निरीक्षक र स्रोतव्यक्ति र प्रधानाध्यापकहरूलाई छुट्टाछुट्टै बन्द प्रश्नावली तथा विद्यालय स्थलगत अनुगमन फाराम तयार गरी अध्ययनकर्ता स्वयं प्रत्यक्ष उपस्थित भएर प्रश्नावली वितरण गरी प्रतिक्रिया संकलन गरियो । संकलन गरी प्राप्त भएको प्रतिक्रियालाई तालिकीकरण गरी प्रतिशतमा बदलेर विश्लेषण गरियो । विश्लेषण गरी प्राप्त हुन आउने नतिजालाई निष्कर्षमा देखाइएको छ र समस्याहरूलाई समाधानार्थ बुदाँगत रूपमा सुझाब प्रस्तुत गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धानका लागि नयाँ तथ्य पत्ता लगाउन निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्व योजना तथा तयारी विना गरिने अनुसन्धान निश्चित लक्ष्यसम्म पुग्न सक्दैन् । अनुसन्धानले कुनै पनि विषयवस्तु वा समस्याका बारेमा जानकारी दिई निष्कर्षमा पुग्न मद्दत पुग्दछ । शाब्दिक रुपमा संकलन गरिएका असांख्यिक तथ्यांकहरुलाई तार्किक विधिद्धारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धालाई गुणात्मक अनुसन्धान भनिन्छ । अनुसन्धानको क्रममा अध्ययन गरिने चरहरुको परिमाणलई प्रत्यक्ष रुपमा मापन गरी प्राप्त संख्यात्मक तथ्यांकलाई गणितीय अथवा तथ्यांक शास्त्रीय विश्लेषणका विधिद्धारा निष्कर्षमा पुगिने अनुसन्धानलाई परिमाणात्मक अनुसन्धान भनिन्छ । यो अनुसन्धान गुणात्मक र परिमाणात्क दुवैसँग मिल्दो जुल्दो भएकोले मिश्रित किसिमको छ ।

## ३.२ जनसंख्या र नमूना छनौट

प्राथमिक विद्यालयको पँहुच गुणस्तर र व्यवस्थापन क्षमता अभिवृद्धि पक्षसँग सम्बन्धित विषयका लागि जिल्ला शिक्षा कार्यालय चितवन अन्तर्गत संचालित १३ वटा स्रोत केन्द्रहरू मध्ये ८ वटा स्रोत केन्द्रहरू, भ.न.पा. चितवन भित्रका ३४ वटा सार्वजनिक विद्यालय अन्तर्गत १० वटा विद्यालयहरूलाई गोलाप्रथा विधिद्वारा नमूनाका रूपमा छनौट गरिएको छ । जिल्ला शिक्षा कार्यालय चितवनमा कार्यरत कार्यक्रम संयोजक १ जना, ८ वटा स्रोतकेन्द्रमा कार्यरत ८ जना विद्यालय निरीक्षक, स्रोत व्यक्ति र भ.न.पा. भित्रका १० वटा सार्वजनिक प्राथमिक विद्यालयमा कार्यरत १० जना प्रधानाध्यापक गरी कूल १९ जना यस अध्ययनको जनसंख्याको रूपमा लिईएको छ ।

## ३.३ तथ्यांक संकलनका साधनहरू

यस शोधअध्ययनका लागि निम्न लिखित साधनहरूको विकास गरी उपयोगमा ल्याइएको छ :

क) अवलोकन फारम (रूजु सूची) : नमूना छनोटमा परेका विद्यालयहरूमा प्राथमिक शिक्षामा शिक्षाको पहुँच र गुणस्तर कस्तो छ पत्तालगाउन रूजु सूची तयार गरी स्थलगत अवलोकन भरिएको छ (परिशिष्ट घ ) ।

ख) अर्न्तवार्ता प्रश्नावली: अध्ययनलाई पूर्णता प्रदान गर्नको लागि नमूना छनौटमा परेका प्र.अ., जि.शि.का कार्यक्रम संयोजक, स्रोतव्यक्ति र वि.नि.लाई छुट्टाछुट्टै अन्तरवार्ता प्रश्नावली तयार पारिएको थियो जसलाई परिशिष्ट (क देखि ग) मा प्रस्तुत गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

प्राथमिक शिक्षामा जिल्ला शिक्षा योजनाको प्रभाव नामक यस शोधपत्रमा प्राथमिक तथा द्वितीय गरी दुई प्रकारका तथ्याङ्कका स्रोतहरूलाई आधार बनाइएको छ, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**प्राथमिक तथ्याङ्क**

प्राथमिक तथ्याङ्क अन्तर्गत विद्यालय निरीक्षक/स्रोत व्यक्ति, कार्यक्रम संयोजक र प्रधानाध्यापकलाई छुट्टाछुट्टै प्रश्नावली फाराम प्रयोग गरिएको थियो । जसलाई क्रमिक रूपमा परिशिष्ट क, ख र ग मा राखिएको छ । साथै प्राथमिक विद्यालय अनुगमन फारामको निर्माण गरी तथ्याङ्क संकलन गरिएको थियो । जसको नमुना परिशिष्ट घ मा राखिएको छ ।

**द्वितीय तथ्याङ्क**

जिल्ला शिक्षा चितवनको जिल्लागत तथ्याङ्कको साराशं २०६३, २०६४, २०६५ कार्यालयको विद्यालय नक्साङ्कन फाराम, जिल्ला शिक्षा योजना चितवन (२०६१-२०६५) को तथ्यांकलाई तथ्याङ्कको द्वितीय स्रोत अन्तर्गत राखिएको छ ।।

**३.५ तथ्याङ्क संकलन प्रक्रिया**

अनुसन्धानको लागि तथ्याङ्कको स्रोत विद्यालय निरीक्षक/स्रोत व्यक्ति, कार्यक्रम संयोजक, प्रधानाध्यापक र विद्यालयका तथ्याङ्कहरू नै थिए । माथि उल्लेखित साधनहरूको वैद्यता निर्धारण गर्न सर्वप्रथम तीन जना विद्यालय निरीक्षक/स्रोत व्यक्ति, तीन वटा विद्यालयहरू र तीन जना प्रधानाध्यापकहरूलाई प्रश्नावली फाराम र अनुगमन फाराम भराई आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । त्यस पछि शोध निर्देशकलाई देखाई प्राप्त सुझावका आधारमा आवश्यक परिमार्जन गरी साधनको वैद्यता निर्धारण गरिएको थियो ।

प्राथमिक तथ्याङ्क संकलनको लागि विद्यालय निरीक्षक/स्रोत व्यक्ति, कार्यक्रम संयोजक र प्रधानाध्यापकसँग प्रश्नावलीको आधारमा सूचना संकलन गरिएको थियो । साथै प्राथमिक विद्यालय अनुगमन फारामको प्रयोग गरी शिक्षक, विद्यार्थीसँग सम्बन्धित सूचना संकलन गरिएको थियो । छनौटमा परेका विद्यालयहरूमा अनुसन्धान कर्ता स्वयम् उपस्थित भई (परिशिष्ट क, ख, ग र घ) अनुसार तयार गरिएका फाराम भरिभराई तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्ययन अनुसन्धानको गहन एवम् महत्वपूर्ण अंगको रूपमा तथ्याङ्क विश्लेषणलाई लिइन्छ । प्राथमिक तथा माध्यमिक स्रोतहरूबाट प्राप्त हुन आएको तथ्याङ्कलाई क्रमबद्ध रूपमा राखी विश्लेषण गर्ने कार्य अध्ययन अनुसन्धानको मुटुको रूपमा लिईन्छ । प्राप्त तथ्याङ्कको विश्लेषण विना अध्ययन अनुसन्धानको कुनै पनि अर्थ रहदैन । तसर्थ प्राथमिक शिक्षामा जिल्ला शिक्षा योजनाको प्रभावको अध्ययन गर्ने क्रममा अध्ययन क्षेत्र अन्तर्गत संचालित विभिन्न स्रोत केन्द्रहरूमा कार्यरत विद्यालय निरीक्षक/स्रोत व्यक्ति, कार्यक्रम संयोजक र प्रधानाध्यापकहरूबाट विभिन्न प्रश्नावली मार्फत प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकीकरण गरी विश्लेषण गर्ने कार्य गरिएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा नै प्रश्नावलीको अलावा प्राथमिक विद्यालय अनुगमन फाराम पनि प्रयोग गरी अनुगमन फारामबाट प्राप्त तथ्याङ्कलाई पनि तालिकीकरण गरी विश्लेषण गर्ने कार्य गरिएको छ । यिनै तथ्याङ्क विश्लेषणको आधारमा नै निष्कर्ष एवम् सुझाबहरू प्रस्तुत गरिएको छ ।

## परिच्छेद चार :

## तथ्याङ्कको व्याख्या र विश्लेषण

नमुनाको लागि छनौंट गरिएका ८ वटा स्रोत केन्द्रहरूमा कार्यरत ८ जना विद्यालय निरीक्षक/स्रोत व्यक्ति, भरतपुर नगरपालिका भित्रका १० वटा सार्वजनिक प्राथमिक विद्यालयमा कार्यरत १० जना प्रधानाध्यापक र जिल्ला शिक्षा कार्यालय चितवनको कार्यक्रम फाँटमा कार्यरत १ जना कार्यक्रम संयोजकहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावलीहरू मार्फत प्राप्त हुन आएका स्थलगत सत्य तथ्य तथ्याङ्कहरूलाई विश्लेषण तथा प्रस्तुतिकरण गरिएको छ । स्थलगत अध्ययन अनुसन्धानबाट प्राप्त हुन आएका सत्य तथ्य तथ्याङ्कहरूको सही विश्लेषणको आधारमा नै विषय वस्तुको बारेमा निष्कर्षमा पुग्न सजिलो हुन्छ । तसर्थ प्राथमिक शिक्षामा जिल्ला शिक्षा योजनाले पारेको प्रभाव शीर्षकमा अध्ययन गर्नका लागि तयार पारिएको प्रश्नावलीको आधारमा स्थलगत सर्वेक्षणबाट तथ्याङ्क संकलन गरी प्रतिशतमा बदलेर विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

जिल्ला शिक्षा कार्यालयको कार्यक्रम फाँटका कार्यक्रम संयोजक, विद्यालय निरीक्षक/स्रोत व्यक्ति र प्राथमिक विद्यालयका प्रधानाध्यापकहरूबाट प्राप्त प्राथमिक विद्यालयको पँहुच शैक्षिक गुणस्तर र योजना कार्यान्वयनमा देखा परेका समस्याहरू तथा समस्या निराकरणका उपायहरूसँग सम्बन्धित रहेका प्रश्नावलीहरू राखिएका थिए । प्रश्नावलीहरू बहु वैकल्पिक किसिमका र ठिक लगाएर आफ्नो राय व्यक्त दिएका विकल्पमा आफू सन्तुष्ट नभएमा विकल्पहरू बाहेक अन्य महल राखिएको र उक्त महलमा आफ्नो राय व्यक्त गर्न अनुरोध गरिएको थियो । अनुरोध गरिएको निर्देशन बमोजिम कार्यक्रम संयोजक, विद्यालय निरीक्षक/स्रोत व्यक्ति र प्रधानाध्यापकहरूले व्यक्त गरेका प्रतिक्रियालाई तालिकामा राखी प्रतिशतमा बदलेर विश्लेषण गरिएको छ । (परिशिष्ट क, ख र ग) प्रश्नावली प्रतिक्रिया विश्लेषण गर्दा सबैभन्दा पहिलो जिल्ला शिक्षा योजना चितवनले प्राथमिक विद्यालयहरूको पँहुच अभिवृद्धि र त्यसको प्रभावकारितासँग सम्बन्धित प्रतिक्रियामा विश्लेषण गरिएको छ भने दोश्रोमा प्राथमिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिसँग सम्बन्धित प्रश्नावली प्रतिक्रिया विश्लेषण गरिएको छ । साथै तेस्रोमा जिल्ला शिक्षा योजना कार्यान्वयनका समस्याहरू र

अन्त्यमा जिल्ला शिक्षा योजना कार्यान्वयनका समस्या निराकरणका उपायहरू संश्लेषण गरिएको छ ।

### ४.१. प्राथमिक विद्यालय पँहुच अभिवृद्धि कार्यक्रममा जिल्ला शिक्षा योजनाको प्रभाव

प्राथमिक विद्यालयमा पहुँच अभिवृद्धि कार्यक्रम सम्बन्धी जानकारी प्राप्त गर्नको लागि प्र.अ.,वि.नि.,स्रोत व्यक्ति तथा कार्यक्रम संयोजकको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

#### क) बालविकास केन्द्र, शिशुकक्षा विशेष शिक्षा र वैकल्पिक विद्यालय कार्यक्रमका सम्बन्धमा प्रतिक्रिया विश्लेषण

तपाईको निरीक्षण क्षेत्रमा के कति संख्यामा बाल विकास केन्द्र सञ्चालन भएको पाउनु भएको छ ? भन्ने प्रश्नको प्रतिक्रिया १०० प्रतिशत निरीक्षकबाट आवश्यकता अनुसार भन्ने आएको र तपाईको विद्यालय क्षेत्रमा कतिवटा वालविकास केन्द्र सञ्चालित छन् भन्ने प्रश्नको प्रतिक्रिया १०० प्रतिशत प्रधानाध्यापकबाट पनि आवश्यकता अनुसार भन्ने आएकोबाट र जिल्ला स्तरमा हाल सम्म ५३० वटा बाल विकास केन्द्र सञ्चालन भै आएको तथ्याङ्क पाउनुबाट पन बाल विकास केन्द्रको संख्या सन्तोषजनक भएको प्रमाणित गर्दछ ।

सञ्चालित बाल विकास केन्द्रबाट लक्षित समुदायका बालबालिका कतिको लाभान्वित भएको महसुस गर्नु भएको छ ? भन्ने प्रश्नको प्रतिक्रियामा २०प्रतिशत प्रधानाध्यापकले धेरै लाभान्वित भएको प्रतिक्रिया, ६० प्रतिशत प्रधानाध्यापकले लाभान्वित भएको प्रतिक्रिया, २० प्रतिशत प्रधानाध्यापकले आंशिक रूपमा लाभान्वित भएको प्रतिक्रिया व्यक्त गरिएको छ । लाभान्वित छैनन् भने प्रतिक्रिया कुनै पनि प्रधानाध्यापकले व्यक्त नगरेकोबाट के निष्कर्षमा पुगिन्छ भने सञ्चालित बाल विकास केन्द्रबाट लक्षित समुदायमा राम्रो प्रभाव पारेको एवम् कार्यक्रमको राम्रो सदुपयोग भएको देखिन्छ ।

प्रत्येक प्राथमिक विद्यालयमा शिशु कक्षा सञ्चालन गर्दै लैजाने जस्तो कार्यक्रमहरू शिक्षा योजनामा विस्तार गर्दै लैजानुलाई तपाईले कसरी लिनु भएको छ ? भन्ने प्रश्नको प्रतिक्रियामा ८७.५ प्रतिशत निरीक्षकले अनिवार्य आवश्यकता हो भन्ने प्रतिक्रियामा १२.५ प्रतिशत निरीक्षकले आवश्यकता हो भन्ने प्रतिक्रिया व्यक्त गरेको र आवश्यकता छैन् भन्ने प्रतिक्रिया कसैबाट पनि नआएकोले के स्पष्ट हुन आउँछ भने जिल्ला शिक्षा योजनामा शिशु कक्षा सञ्चालन गर्ने कार्यक्रमलाई अझ बढी सघन रूपमा कार्यान्वयन गर्नु पर्ने आवश्यकता देखिन्छ ।

दृष्टिबिहिन, सुस्त श्रवण र सुस्त मनस्थितिका बालबालिकाहरूका लागि तपाईको निरीक्षण क्षेत्रमा के कति ? विशेष शिक्षा कक्षा सञ्चालन भै आएका छन् ? भन्ने प्रश्नको प्रतिक्रियामा ६२.५ प्रतिशत निरीक्षकबाट हाल सम्म सञ्चालनमा छैनन् भने प्रतिक्रिया, ३७.५ प्रतिशत निरीक्षकबाट आवश्यकता अनुसार सञ्चालनमा छन् भन्ने प्रतिक्रियाका आधारमा के स्पष्ट हुन्छ भने विशेष शिक्षा कक्षा सञ्चालन न्यून संख्यामा रहेछन् । हाल सञ्चालनमा रहेका विशेष शिक्षा कक्षा जिल्लाको आवश्यकतालाई परिपुर्ति गर्न सकिरहेको छैन् । भन्ने प्रमाणित गर्दछ । जिल्लामा कुल ९ वटा विशेष शिक्षा कक्षा सञ्चालन गरिआएको तथ्याङ्क जिल्ला शिक्षा कार्यालय चितवनको रेकर्डबाट देखिन्छ ।

सञ्चालित विशेष शिक्षा कक्षाबाट लक्षित समुदायमा के कस्तो प्रभाव पारेको अनुभव गर्नु भएको छ ? भन्ने प्रश्नको प्रतिक्रियामा आंशिक मात्रामा लाभान्वित छन् भन्ने प्रतिक्रिया ५५.५६ प्रतिशत, लाभान्वित छन् भने प्रतिक्रिया २२.२ प्रतिशत र धेरै लाभान्वित छन् भन्ने प्रतिक्रिया २२.२ प्रतिशत निरीक्षक स्रोत व्यक्ति र कार्यक्रम संयोजकबाट आएको र लाभान्वित छैनन् भने प्रतिक्रिया कसैबाट पनि व्यक्त गरेको नपाईएकोले के स्पष्ट हुन्छ भने हालसम्म सञ्चालित विशेष शिक्षा कक्षाको संख्या ज्यादै न्यून रहेको र तुलनात्मक रूपले हेर्दा लाभान्वित संख्या पनि आंशिक रहेको देखिन्छ ।

तपाईको निरीक्षण क्षेत्रमा हाल सम्म संचालन भै आएका वैकल्पिक विद्यालय कार्यक्रमहरू के के छन् ? भन्ने प्रश्नको प्रतिक्रियामा २५ प्रतिशत निरीक्षकबाट प्राथमिक शिक्षा विस्तारित कार्यक्रम ( १-३ बराबर) संचालन भएको, २५ प्रतिशत निरीक्षकबाट अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम (

१-५ बराबर) संचालन भएको छ, १२.५ प्रतिशत निरीक्षकबाट माथिका दुवै कार्यक्रम संचालित भएको र ३७.५ प्रतिशत निरीक्षकबाट वैकल्पिक विद्यालय सञ्चालन नभएको भन्ने प्रतिक्रिया पाईयो । जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क हेर्दा पनि जिल्ला भरमा जम्मा १० वटा वैकल्पिक विद्यालय सञ्चालन भएको पाईयो । प्राथमिक विद्यालयको पहुँचमा अभिवृद्धि गर्न वैकल्पिक विद्यालय कार्यक्रमको ज्यादै महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

विभिन्न कारणबाट विद्यालय भर्ना नभएका तथा विद्यालय जान बञ्चित बालबालिकाको स्थानीय आवश्यकता अनुसार सन्ध्याकालीन तथा प्रभातकालीन विद्यालयको व्यवस्था गरी प्राथमिक विद्यालयको पँहुच बढाउने जस्ता कार्यक्रम जिल्ला शिक्षा योजनामा अझ बढी बजेटको व्यवस्था गरि सञ्चालन गर्नु पर्ने कुरा स्पष्ट हुन आउँछ ।

संचालित वैकल्पिक विद्यालय कार्यक्रमबाट लक्षित समूहमा कस्तो प्रभाव पारेको महशुश गर्नु भएको छ ? भन्ने प्रश्नको प्रतिक्रियामा जम्मा ९ जना विद्यालय निरीक्षक / श्रोत व्यक्ति र कार्यक्रम संयोजकले आंशिक सकारात्मक छ भन्ने प्रतिक्रिया ४४.४ प्रतिशत, सकारात्मक छ भन्ने प्रतिक्रिया ४४.४ प्रतिशत र ज्यादै सकारात्मक छ भन्ने प्रतिक्रिया ११.१ प्रतिशतबाट आएको र सकारात्मक छैन भन्ने प्रतिक्रिया कसैबाट पनि व्यक्त नगरेको पाईएकोले के स्पष्ट हुन्छ भने हाल सम्म सञ्चालित वैकल्पिक विद्यालय कार्यक्रमको संख्या ज्यादै न्यून रहेको र तुलनात्मक रूपमा हेर्दा आंशिक सकारात्मक रहेको देखिन्छ ।

**ख) समुदाय परिचालन कार्यक्रम**

जिल्ला शिक्षा योजनाको निर्माण हुन पूर्व प्रारम्भिक चरणमा विद्यालय सुधार योजनाको निर्माण देखि लिएर जिल्लाशिक्षा योजनाको निर्माण र कार्यान्वयनको थलो समुदाय नै हो । निर्माण गर्ने योजनाको प्राथमिक उपभोक्त समुदायलाई परिचालन गर्न नसकिएमा योजनाले पूर्णता प्राप्त गर्न सक्दैन । किनकि योजना निर्माणमा स्थानीय समुदाय परिचालन र जागरूक नभएमा उनीहरूको सहभागिता विना बन्ने योजना पूर्ण योजना बन्न सक्दैन । उनीहरूमा योजना कार्यान्वयनमा जवाफदेहिता र जिम्मेवारीको बोध हुन पाउँदैन तसर्थ जि.शि.यो.मा समुदाय परिचालन गर्ने कार्यक्रम सञ्चालन गर्नु

आवश्यक हुन्छ । विद्यालय निरिक्षक र स्रोतव्यक्तिहरूलाई तपाईंको निरीक्षण क्षेत्रमा कुन कुन समुदाय परिचालन कार्यक्रमहरू सञ्चालन भई आएका छन् ? भनी सोधिएको प्रश्नमा एक जना स्रोतव्यक्ति र एक जना विद्यालय निरिक्षकबाट आफ्नो क्षेत्रमा यस्ता कार्यक्रम सञ्चालन नभएको भन्ने प्रतिक्रिया व्यक्त गर्नु भयो भने, अन्य ६ जनाबाट आम भेला, बाल-ऱ्याली जस्ता कार्यक्रमहरू मात्र सञ्चालन भएको प्रतिक्रिया व्यक्त भएबाट समुदायलाई योजनाको निर्माण र कार्यान्वयनमा खासै जानकारी नभएको प्रष्ट हुन्छ ।

समुदाय परिचालन कार्यक्रम जि.शि.यो. मा विस्तार गर्दै लैजानु पर्ने कुरामा भने सबैको एउटै सकरात्मक उत्तर पाइएबाट जि.शि.यो. मा समुदाय परिचालन गर्न राखिएका आम भेला जस्तै : भिडियो प्रदर्शन, बाल-ऱ्याली, अभिभावक जागरण कार्यक्रम, वि.व्य.स. र शिक्षक अभिभावक संघ सँगको छलफल कार्यक्रमहरू कार्यान्वयन तर्फ जोड दिनु पर्ने देखिन्छ ।

**ग) विद्यालयको भौतिक विस्तार योजना कार्यान्वयनको अवस्था**

प्राथमिक विद्यालयको पहुँचलाई जनस्तर सम्म पुऱ्याउनका लागि सञ्चालित कार्यक्रमहरू मध्ये विद्यालयको भौतिक विस्तार योजना कार्यक्रमबाट विद्यालयहरूले प्राप्त गरेको भौतिक सुधार कार्यक्रमहरूको अवस्थाको बारेमा नमुना छनौटमा परेका विद्यालयहरूका प्र.अ.हरूलाई प्रश्न राखिएको थियो । विद्यालयमा कार्यान्वयन भएका कार्यक्रमहरूको बारेमा सोधिएको प्रश्नमा कसैबाट पनि नयाँ भवन निर्माण कार्यक्रम सञ्चालन नभएको प्रतिक्रिया प्राप्त भयो । शोधकर्ताले तथ्यांक संकलनको क्रममा विद्यालयहरूको स्थलगत अवलोकन गर्दा अधिकांश विद्यालय भवन जीर्ण अवस्थामा रहेको पाइएबाट नयाँ भवन निर्माण कार्यक्रम योजनामा समावेश गर्नु पर्ने देखियो ।

विद्यालयहरूमा शौचालय निर्माण, फर्निचर निर्माण, खानेपानीको निर्माण र सामान्य मर्मत जस्ता कार्यक्रमहरूको कार्यान्वयन गरिएको पाइएता पनि सबै प्र.अ.हरूबाट आवश्यक बजेटको व्यवस्था नहुँदा र विद्यालयको आफ्नो आयस्रोत नभएकोले केही अलपत्र अवस्थामा रहेका र केही कार्यक्रम सम्पन भएता पनि अपुग रहेको बताउनुका साथै जि.शि.यो.मा भवन निर्माण तथा अन्य कार्यक्रमहरू विस्तार गर्दै लानु अनिवार्य आवश्यक रहेको बताए ।

### घ) अनौपचारिक शिक्षाका सम्बन्धमा

औपचारिक शिक्षाको अवसर नपाएकाहरूलाई शिक्षाको अवसर प्रदान गर्ने गरिने शिक्षालाई अनौपचारिक शिक्षा भनीन्छ । अनौपचारिक शिक्षा कार्यक्रमबाट शिक्षाको अवसरबाट बञ्चित रहेका व्यक्तिहरूले पनि साक्षर बन्ने अवसर पाउँदछन् । अनौपचारिक शिक्षाकार्यक्रमबाट लक्षित समूहका व्यक्तिहरूले के कस्ता किसिमका ज्ञान हासिल गर्न सफल भएका छन् ? भन्ने प्रश्नको प्रक्रियामा १०० प्रतिशत प्र.अ.बाट व्यवहारिक तथा सैद्धान्तिक ज्ञान दुवै हासिल गर्न सक्षम भएको प्रतिक्रिया व्यक्त गरेको र उपलब्धिमूलक छैन भन्ने प्रतिक्रिया कसैबाट पनि व्यक्त नगरिएबाट सञ्चालित अनौपचारिक शिक्षा कक्षा उपयोगितामूलक छ भन्ने निष्कर्षमा पुगिन्छ । तपाईंको विद्यालय क्षेत्रमा कुन कुन किसिमका अनौपचारिक कक्षाहरू सञ्चालन भइ आएको पाउनु भएको छ ? भन्ने प्रश्नको प्रतिक्रियामा २० प्रतिशत प्र.अ.बाट प्रौढ तथा साक्षरोत्तर कक्षा सञ्चालन भएको र ८० प्रतिशत प्र.अ.बाट प्रौढ कक्षा मात्र सञ्चालन भएको प्रतिक्रिया प्राप्त भएबाट अन्य किसिमका कक्षा सञ्चालन नभएको कुरा थाहा लागेको थियो ।

सञ्चालन भइ आएका अनौपचारिक शिक्षा कार्यक्रमबाट लक्षित समुदायमा कस्तो प्रभाव पारेको महशुस गर्नु भएको छ ? भनी सोधिएको प्रश्नको प्रतिक्रियामा सुधारात्मक परिवर्तन आएको प्रतिक्रिया १०० प्रतिशत निरिक्षकबाट व्यक्त भएबाट के स्पष्ट हुन्छ भने अनौपचारिक शिक्षा कार्यक्रमले लक्षित समुदायमा सुधारात्मक रूपमा परिवर्तन ल्याउन सफल भएको छ ।

## ४.२ प्राथमिक विद्यालयको गुणस्तर अभिवृद्धि तथा त्यसको प्रभाव सम्बन्धमा

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सञ्चालित तालिम कार्यक्रमबाट शिक्षककहरूको अध्यापन क्षमतामा कतिको सहयोग पुऱ्याएको अनुभव गर्नु भएको छ भनी वि.नि./स्रोत व्यक्ति र कार्यक्रम संयोजकलाई सोधिएको प्रश्नको  प्रतिक्रियामा ११.११ प्रतिशतले शतप्रतिशत, २२.२२ प्रतिशत, ७५ प्रतिशत, ५५.५५ प्रतिशत ५० प्रतिशत र ११.११ प्रतिशतले २५ प्रतिशत सहयोग पुगेको साथै तालिमको व्यवहारीक कार्यान्वयन हुन नसकेको प्रतिक्रिया प्राप्त भएबाट के स्पष्ट हुन्छ भने तालिम कार्यक्रमसँगै निरीक्षण अनुगमन समेत सुचारू रूपले हुनु पर्ने देखिन आउँछ । सञ्चालित तालिम

कार्यक्रमबाट प्राथमिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न राम्रो प्रभाव पारेको पाइएता पनि तालिमको व्यवहारिक कार्यान्वयन तर्फ पनि सम्बन्धित निकायहरूले ध्यान दिनु पर्ने देखिन्छ । तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको संख्यालाई तुलनात्मक रूपमा हेर्दा तालिम प्राप्त शिक्षकको संख्या बढी देखिन आएको छ जसलाई तलको तालिकाद्वारा अझ प्रष्ट पारिएको छ :

**विद्यालयमा प्राथमिक तहमा रहेर काम गर्ने शिक्षक तालिमको विवरण**

**तालिका नं. १**

| क.सं. | विद्यालयको नाम | शिक्षक संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | तालिम प्राप्त | तालिम अप्राप्त | जम्मा | |
| 1= | बालमन्दिर रा.प्रा.वि. | 8 | – | 8 | |
| 2= | रा.नि.मा.वि. तोरीखेत | 6 | – | 6 | |
| 3= | रा.मा.वि.कृष्णपुर | 7 | 2 | 9 | |
| 4= | मोहन मा.वि. | 6 | 3 | 9 | |
| 5= | रा.प्रा.वि. आनान्दपुर | 4 | – | 4 | |
| 6= | नवज्योती रा.प्रा.वि.कृष्णपुर | 5 | 1 | 6 | |
| 7= | भद्रकुमारी रा.प्रा.वि. | 5 | – | 5 | |
| 8= | रा.प्रा.वि. सानोयज्ञपुरी | 5 | – | 5 | |
| 9= | मा.वि. गौरीगञ्ज | 7 | 1 | 8 | |
| 10= | चित्रसेन प्रा.वि. | 6 | 1 | 7 | |
| **जम्मा** | | **59** | **8** | **67** | |

**स्रोतः विद्यालय अभिलेख**

शिक्षक तालिम कार्यक्रमबाट शिक्षकहरूको कुन अध्यापन विधिमा सुधार आएको महसुस गर्नु भएको छ ? भन्ने प्रश्नको प्रतिक्रियामा १०० प्रतिशत प्रधानाध्यापकहरूबाट कक्षा शिक्षण विधि, बहुकक्षा शिक्षण विधि, व्यवस्थापन, परीक्षा र मूल्याङ्कन विधिहरूमा परिवर्तन आएको प्रतिक्रिया व्यक्त

गरिएको बाट के स्पष्ट हुन्छ भने शिक्षक तालिमबाट शिक्षकहरूको विभिन्न शिक्षण विधिहरूको कार्यकुशलतामा अभिवृद्धि भै शैक्षिक गुणस्तर सुधार आएको पाइन्छ ।

तालिम प्राप्त र अप्राप्त प्रधानाध्यापकको कार्यशैलीमा के भिन्नता पाउनु भएको छ ? भन्ने प्रश्नको प्रतिक्रियामा २० प्रतिशत प्रधानाध्यापकबाट धेरै भिन्नता पाएको, ६० प्रतिशत प्रधानाध्यापकबाट भिन्नता पाएको र २० प्रतिशत प्रधानाध्यापकबाट सामान्य भिन्नता पाएको र भिन्नता नै नपाएको प्रतिक्रिया कुनै पनि प्रधानाध्यापकले व्यक्त नगरेकोबाट के स्पष्ट हुन्छ भने जिल्ला शिक्षा योजना द्वारा कार्यान्वयन गरिएको प्रधानाध्यापक तालिम कार्यक्रमबाट राम्रो प्रभाव पार्न सफल रहेको बुझिन्छ ।

प्रधानाध्यापक तालिम कार्यक्रमबाट प्रधानाध्यापकको कुन कुन कार्यशैलीमा वृद्धि ल्याएको अनुभव गर्नु भएको छ ? भन्ने प्रश्नको प्रतिक्रियामा १०० प्रतिशत प्रधानाध्यापकहरूबाट नेतृत्व गर्ने शैलीमा, विद्यार्थी र अभिभावकसँग व्यवहार गर्ने शैलीमा अभिवृद्धि भएको प्रतिक्रिया व्यक्त गरिएको र तालिम उपलब्धिमूलक छैन भन्ने प्रतिक्रिया कसैबाट पनि व्यक्त गरिएको नपाईएकोबाट के स्पष्ट हुन्छ भन्ने प्रधानाध्यापक तालिम कार्यक्रमबाट प्रधानाध्यापकहरूको विभिन्न कार्यशैलीमा अभिवृद्धि गर्न ज्यादै उपलब्धि मूलक रहेको पाइन्छ ।

शैक्षिक क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको व्यवस्थापन क्षमता अभिवृद्धिका लागि विविध किसिमका तालिम कार्यक्रमहरू जिल्ला शिक्षा योजनामा विस्तार गर्दै लैजानु पर्ने पक्षमा तपाईको के विचार छ ? भन्ने प्रश्नको प्रतिक्रियामा ६० प्रतिशत प्रधानाध्यापकबाट अति आवश्यक छ भन्ने प्रतिक्रिया व्यक्त गरेका, आवश्यक छ भन्ने प्रतिक्रिया ४० प्रतिशत प्रधानाध्यापकबाट व्यक्त गरिएको र आवश्यकता छैन भने प्रतिक्रिया कसैबाट पनि व्यक्त नभएकोले के स्पष्ट हुन्छ भने शिक्षा योजनामा यस्ता किसिमका कार्यक्रमहरूलाई विस्तार गर्नु पर्ने र हाल सम्म कार्यान्वयन भै रहेका यस्ता कार्यक्रमको राम्रो प्रभाव परेको छ ।

### ४.३ जिल्ला शिक्षा योजनाले विद्यार्थीहरुमा पारेको प्रभाव

अध्ययन क्षेत्र भित्र परेका विद्यालयहरूका विद्यार्थीहरूको गुणस्तर परीक्षण गर्ने उद्देश्यले छनौटमा परेका विद्यालयहरूमा गरिएको प्राप्त विवरणलाई तालिकाद्वारा स्पष्ट पारिएको छ :

#### ४.३.१ विद्यार्थी विवरण

**तालिका नं. २**

| क.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | | | २०६५ | | | २०६६ | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| 1= | बाल मन्दिर रा.प्रावि. | 88 | 76 | 164 | 85 | 114 | 199 | 58 | 103 | 161 |
| 2= | राष्ट्रिय नि.मा.वि. तोरीखेत | 93 | 73 | 166 | 76 | 59 | 135 | 79 | 58 | 137 |
| 3= | राष्ट्रिय मा.वि. कृष्णपुर | 92 | 78 | 170 | 88 | 88 | 176 | 100 | 102 | 202 |
| 4= | मोहन मा.वि. | 142 | 130 | 272 | 135 | 135 | 270 | 125 | 111 | 236 |
| 5= | रा.प्रा.वि. आनन्दपुर | 62 | 41 | 103 | 49 | 33 | 82 | 42 | 30 | 72 |
| 6= | नव ज्योति रा.प्रा.वि. कृष्णपुर | 74 | 60 | 134 | 54 | 52 | 106 | 55 | 52 | 107 |
| 7= | भद्र कुमारी रा.प्रा.वि. | 77 | 55 | 132 | 60 | 43 | 103 | 47 | 41 | 88 |
| 8= | रा.प्रा.वि. सानोयज्ञपुरी | 116 | 80 | 196 | 94 | 58 | 152 | 83 | 57 | 140 |
| 9= | श्री मा.वि. गौरीगञ्ज | 113 | 73 | 186 | 99 | 86 | 185 | 93 | 73 | 166 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 10= | चित्रसेन प्रा.वि. | 100 | 73 | 173 | 86 | 58 | 144 | 64 | 54 | 118 |
| | **जम्मा** | **957** | **739** | **1696** | **826** | **726** | **1552** | **746** | **681** | **1427** |

अध्ययनमा परेका १० वटा प्राथमिक विद्यालयहरूको २०६४ साल देखि २०६६ साल सम्मको विद्यार्थी संख्यालाई विश्लेषण गर्दा २०६४ देखि २०६६ सम्म क्रमशः विद्यार्थी संख्यामा कमी हुँदै गएको देखिन्छ । प्रत्येक वर्षको कुल छात्रको संख्या भन्दा छात्राहरूको संख्या बढी देखिनु राम्रो पक्ष मान्न सकियता पनि विद्यार्थी संख्या घटेको देखिनुले कतै जिल्ला शिक्षा योजनाले विद्यार्थी भर्ना अभियानमा सक्रिय कार्यक्रम समावेश गर्न नसक्नु पो हो की ! जस्तै २०६४ सालमा कुल विद्यार्थी संख्या १६९६ मध्ये छात्राको संख्या ९५७ र छात्रको संख्या  ७३९ रहेको छ । २०६५ सालको कुल विद्यार्थी संख्या १५५२ मध्ये छात्राको संख्या २६ र छात्रको संख्या ७२६ छ भने २०६६ सालको कुल १४२७ जना विद्यार्थी मध्ये छात्राको संख्या ७४६ र छात्रको संख्या ६१ रहेको पाईन्छ ।

### ४.३.२ उत्तिर्ण विद्यार्थीको विवरण

यस शोध अध्ययनलाई गुणात्मक प्रकृतिको बनाउने उद्देश्यले छनौटमा परेका विद्यालयहरूमा अन्तरवार्ता, छलफल, एवम् अवलोकनको माध्यमद्वारा उत्तर खोज्ने प्रयास गरिएको थियो । यसै क्रममा विद्यालयमा विद्यार्थीको कक्षोन्नती विवरण के कस्तो छ भनी गरिएको अध्ययन विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**उत्तीर्ण विद्यार्थी विवरण तालिका**

**तालिका नं. ३**

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | | | २०६५ | | | २०६६ | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| 1= | बाल मन्दिर रा.प्रावि. | 78 | 70 | 148 | 35 | 71 | 106 | 29 | 70 | 99 |
| 2= | राष्ट्रिय नि.मा.वि. तोरीखेत | 76 | 59 | 135 | 62 | 44 | 106 | 69 | 54 | 123 |
| 3= | राष्ट्रिय मा.वि. कृष्णपुर | 89 | 80 | 169 | 53 | 60 | 113 | 89 | 83 | 172 |
| 4= | मोहन मा.वि. | 102 | 106 | 208 | 116 | 116 | 323 | 88 | 77 | 165 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 5= | रा.प्रा.वि. आनन्दपुर | 52 | 35 | 87 | 44 | 26 | 70 | 29 | 17 | 46 |
| 6= | नव ज्योति रा.प्रा.वि. कृष्णपुर | 44 | 36 | 80 | 27 | 30 | 57 | 25 | 26 | 51 |
| 7= | भद्र कुमारी रा.प्रा.वि. | 61 | 38 | 99 | 48 | 39 | 87 | 39 | 39 | 78 |
| 8= | रा.प्रा.वि. सानोयज्ञपुरी | 76 | 39 | 115 | 73 | 31 | 104 | 42 | 42 | 106 |
| 9= | श्री मा.वि. गौरीगञ्ज | 111 | 75 | 186 | 86 | 65 | 151 | 53 | 53 | 119 |
| 10= | चित्रसेन प्रा.वि. | 110 | 73 | 173 | 65 | 33 | 98 | 43 | 43 | 96 |
| | **जम्मा** | **789** | **611** | **1400** | **609** | **515** | **1124** | **551** | **504** | **1055** |

३ वर्षको तलको कक्षाबाट उत्तीर्ण विद्यार्थी संख्यालाई विश्लेषणात्मक रूपमा हेर्दा २०६४ सालमा कूल उत्तीर्ण १४०० मध्ये छात्रा ७८९ र छात्र ६११ रहेको छ । वि.सं २०६५ सालमा छात्रा ६०९ र छात्र ५१५ गरी जम्म ११२४ जना उत्तीर्ण छन् भने २०६६ मा ५५१ जना छात्रा र ५०४ छात्र गरी कूल १०५५ उत्तीर्ण संख्या रहेको छ ।

### ४.३.३ कक्षा दोहोऱ्याउने विद्यार्थीको विवरण

छनौटमा परेका विद्यालयहरूमा विद्यार्थीहरूको भर्ना, उत्तीर्ण प्रतिशत, कक्षादोऱ्याउने दर, कक्षाछोड्ने दरबारे यथेष्ट जानकारी प्राप्त गर्नका लागि अध्ययकर्ता स्वयम् उपस्थित भएर स्थलगत सर्वेक्षण गरी सो सम्बन्धी विशेष अध्ययन गरिएको थियो अध्ययनको क्रममा विभिन्न शीर्षकहरूमा गरिएको अध्ययन जसरी विद्यालयमा कक्षा दोहोऱ्याउने विद्यार्थी विवरणलाई पनि तलको तालिकाद्वारा स्पष्ट पारिएको छ ।

**कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण**

**तालिका नं. ४**

| क.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | | | २०६५ | | | २०६६ | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1= | बाल मन्दिर रा.प्रावि. | 5 | 6 | 11 | 11 | 12 | 23 | – | – | – |
| 2= | राष्ट्रिय नि.मा.वि. तोरीखेत | 7 | 6 | 13 | 3 | 2 | 5 | 5 | – | 5 |
| 3= | राष्ट्रिय मा.वि. कृष्णपुर | 18 | 18 | 36 | 9 | 10 | 19 | 8 | 11 | 19 |
| 4= | मोहन मा.वि. | 35 | 22 | 57 | 19 | 19 | 38 | 11 | 11 | 22 |
| 5= | रा.प्रा.वि. आनन्दपुर | 14 | 10 | 24 | 3 | 20 | 23 | 13 | 13 | 26 |
| 6= | नव ज्योति रा.प्रा.वि. कृष्णपुर | 7 | 11 | 18 | 9 | 7 | 16 | 21 | 13 | 25 |
| 7= | भद्र कुमारी रा.प्रा.वि. | 11 | 13 | 24 | 9 | 5 | 14 | 4 | – | 4 |
| 8= | रा.प्रा.वि. सानोयज्ञपुरी | 8 | 6 | 14 | 9 | 6 | 15 | 11 | 13 | 24 |
| 9= | श्री मा.वि. गौरीगञ्ज | 14 | 14 | 28 | 12 | 13 | 25 | 4 | 5 | 9 |
| 10= | चित्रसेन प्रा.वि. | 7 | 1 | 8 | 9 | 7 | 16 | – | – | – |
| | **जम्मा** | **126** | **107** | **233** | **93** | **83** | **176** | **77** | **66** | **143** |

२०६४ देखि २०६३ सम्मको पुनः कक्षा दोहोऱ्याउने विद्यार्थी संख्यालाई विश्लेषण गर्दा २०६४ सालमा छात्रा १२६ र छात्र १०७ गरी कूल २३३ रहेको, २०६५ सालमा छात्रा ९३ र छात्र ८३ गरी कूल १७६ रहेको छ भने २०६६ सालमा छात्रा ७७ र छात्र ६६ गरी जम्म १४३ जनाले कक्षा दोहोऱ्याएको पाईन्छ । पुन कक्षा दोहोऱ्याउनेमा छात्र भन्दा छात्राहरूको संख्या बढि रहन गएको छ । छात्राहरूले चेतनाको कमीबाट छात्रले झैं नियमित रूपमा अध्ययन गर्न नपाउँदा यस्तो देखिएको हो । तसर्थ DEP मा विभिन्न किसिमका शैक्षिक चेतनामुखी कार्यक्रमहरूलाई सक्रिय रूपमा अगाडी बढाउनु पर्ने आवश्यकता देखिन्छ ।

**४.३.४ कक्षा छाड्ने विद्यार्थीको विवरण**

अध्ययन तथा अध्यापन गराउने कार्य भनेको एक चुनौती पूर्ण कार्य हो । अध्ययनका सिलसिलामा विद्यालय भर्ना भएका विद्यार्थीहरू पनि विविध समस्याले गर्दा विद्यालय छाड्न विवस रहेका हुन्छ । यसै उद्देश्यलाई मध्यनजर गरेर अध्ययनका क्रममा विद्यार्थीहरूले स्कुल किन छाड्छन् ?, उनीहरूलाई पढाइप्रति रुचि घट्नुका कारणहरूका बारेमा बुझ्नको लागि स्थलगत सर्वेक्षण गरी विद्यार्थीहरूको विद्यालय छाड्ने दर सम्बन्धी गरिएको अध्ययन तालिकालाई तल प्रस्तुत गरिएको छ :

## कक्षा छाडने विद्यार्थी विवरण

तालिका नं. ५

| क.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | | | २०६५ | | | २०६६ | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| 1= | बाल मन्दिर रा.प्रावि. | 5 | – | 5 | 39 | 31 | 70 | 29 | 23 | 62 |
| 2= | राष्ट्रिय नि.मा.वि. तोरीखेत | 10 | 8 | 18 | 11 | 13 | 24 | 10 | 4 | 14 |
| 3= | राष्ट्रिय मा.वि. कृष्णपुर | – | – | – | 27 | 18 | 45 | 3 | 8 | 11 |
| 4= | मोहन मा.वि. | 5 | 2 | 7 | – | – | – | 26 | 23 | 49 |
| 5= | रा.प्रा.वि. आनन्दपुर | | 1 | 1 | 2 | 5 | 7 | – | – | – |
| 6= | नव ज्योति रा.प्रा.वि. कृष्णपुर | 23 | 13 | 36 | 18 | 13 | 31 | 9 | 13 | 22 |
| 7= | भद्र कुमारी रा.प्रा.वि. | 5 | 4 | 9 | 3 | 0 | 3 | 4 | 2 | 6 |
| 8= | रा.प्रा.वि. सानोयज्ञपुरी | 32 | 35 | 67 | 12 | 21 | 33 | 8 | 2 | 10 |
| 9= | श्री मा.वि. गौरीगञ्ज | – | – | – | 1 | – | 1 | 23 | 15 | 38 |
| 10= | चित्रसेन प्रा.वि. | – | – | – | 12 | 18 | 30 | 9 | 11 | 20 |
| | **जम्मा** | **80** | **63** | **143** | **125** | **119** | **244** | **121** | **111** | **232** |

२०६४ देखि २०६६ साल सम्मको कक्षा छाड्ने विद्यार्थी संख्याको विश्लेषण गरी हेर्दा, २०६४ सालमा छात्रा ८० र छात्र ६३ गरी कूल १४३ रहेको, २०६५ मा छात्रा १२५ र छात्र ११९ गरी कूल २४४ रहेको छ भने २०६६ सालमा छात्रा १२१ र छात्र १११ गरी कूल २३२ जना विद्यार्थीले कक्षा छोडेको पाईन्छ । सुरूको वर्षको तुलनामा दोश्रो वर्षमा कक्षा छोड्ने विद्यार्थी संख्या विद्यार्थी संख्या धेरैले बढेको र पछिल्लो विद्यार्थी संख्या धेरैले बढेको र पछिल्लो वर्ष कक्षा छोड्ने विद्यार्थी संख्या थोरैले बढेको पाईनुले जिल्ला शिक्षाा योजनाको शैक्षिक क्षती काम गर्ने कार्यक्रमले क्रमशः सार्थकता पाउँदै गएको पाइन्छ । अझै कक्षा छोड्ने दरमा धेरै कम ल्याउने जिल्ला शिक्षा योजनामा यी कार्यक्रमहरूको साथै थप उपयोगी कार्यक्रम थप्नु पर्ने देखिन आउँछ ।

## ४.४. जिल्ला शिक्षा योजना कार्यान्वयनका समस्याहरू

जिल्ला शिक्षा योजना निर्माण भै सकेपछि कार्यान्वयनको चरणमा देखिएका समस्याहरूको पहिचान गर्ने उद्देश्यले लिइएको प्रश्नावली प्रतिकृयामा सबै जसोका प्रतिकृयाहरू उस्तै खाले आएको थियो । सबै जसोले साधन स्रोतको कमी भएकोले कार्यक्रम प्रभावकारी रूपले कार्यान्वयन गर्न नसकिएको धारणा व्यक्त गरे । कार्यक्रमहरू ठिक समयमा नआउने समस्या, लक्षित समूहका आवश्यकता योजनामा नसमेटिनु, उनीहरूमा योजना आफ्नो हो भन्ने भावनाको कमी भएको, योजना कार्यान्वयनमा निजी क्षेत्रलाई समेटन नसकिनु, निरीक्षण, अनुगमन र पृष्ठपोषणको अभाव रहेको वताए । कार्यक्रमहरू व्यवहारिक नभएको, विद्यालय आफ्नो आयश्रोत नभएकोले कठिनाई भोग्नु परेको, सामुदायिक विद्यालय प्रति समाजको चासो कम हुँदै गएको, स्थानीय अन्य संघ संस्थाको सहयोग नहुने, गुणस्तरीय शिक्षा उपलब्ध गराउन सरोकारवालाहरूको चासो कम हुँदै गएको, स्थानीय आवश्यकता र कार्यक्रमको प्रकृतिमा फरक भएकोले पनि समस्या भएको, स्थानीय समुदायलाई परिचालन गर्न कठिनाई भएको, राजनैतिक हस्तक्षेप बढेकोले कार्यक्रम संचालनमा कठिनाई भएको जस्ता समस्याहरू रहेको बताए ।

### ४.५ जिल्ला शिक्षा योजना कार्यान्वयनका समस्या समाधानका उपायहरू

अनुसन्धानको उद्देश्य समस्याहरू पत्तालगाई त्यसको समाधानका उपाय निकाल्नुसँग सम्बन्धित हुन्छ । आएका समस्याहरू कसरी निराकरण गर्न सकिन्छ भने बारेमा विभिन्न तथ्य तथ्याङ्क र सोधखोज, अध्ययन अनुसन्धान गरी सकेपछि एउटा निचोडमा पुगिन्छ । यहाँ जिल्ला शिक्षा योजना कार्यान्वयनमा परेका समस्या समाधानका लागि वि.नि./स्रोतव्यक्तिहरू, प्र.अ.हरू र कार्यक्रम संयोजकबाट प्राप्त प्रतिकृयाहरू मिल्दा प्रकृतिका छन् । उनीहरूका अनुसार योजना कार्यान्वयनमा आईपरेका समस्याहरू समाधान गर्न साधन र स्रोतको कमी हटाउन बजेट बढाउनु पर्ने, साधन अन्तर्गत भवन, फर्निचर, शौचालयको संख्या वृद्धि, विज्ञान प्रयोगशाला, पुस्तकालय, शैक्षिक सामग्रीहरुको निर्माणका लागि, जग्गा खरिद, खेलकूदका सामानको अप्रयाप्तताका कारणले पनि सिकाई उपलब्धि कम हुन जाने भएकोले योजनामा पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ । ठिक समयमा कार्यक्रम आउनु पर्ने, जिल्ला शिक्षा योजना निर्माणको आधार स्तम्भ SIP को निर्माण हो । विद्यालयहरुले ठिक समयमा SIP निर्माण नगरिदिदा जिल्ला शिक्षा योजना निर्माणमा पनि ढिलाई हुने भएकाले योजनाले राखेको लक्ष्य पूरा गर्न कठिन भएको छ । कार्यक्रम स्थानीय आवश्यकता समेट्ने खालको हुनु पर्ने, कार्यक्रम निर्माणमा सरोकारवालाहरुलाई समेट्नुपर्ने हुन्छ तर विद्यालय सुधार योजना निर्माण गर्दा शिक्षक, अभिभावक संघ, विद्यार्थी, वि.व्य.स., सल्लाहाकारहरुलाई वास्तै नराखी विद्यालय प्रशासनले आफू खुसी योजना बनाउने परिपाटीले वास्तविक शैक्षिक स्तर वृद्धि गर्ने कार्यक्रम ओझेलमा परी जेनतेन विद्यालय चलाउने कार्य मात्र भएको देखिन्छ । योजना निर्माणमा स्थानीय व्यक्तिहरूलाई समेटेर योजना हाम्रो हो भन्ने भावना जगाउन सक्नु पर्ने, समाजलाई सामुदायिक विद्यालय प्रति आकर्षित हुने खालका कार्यक्रम संचालन गर्नु पर्ने सामुदायिक विद्यालय प्रतिको समाजको विश्वास बढाउन वेला वेलामा समुदायमा चेतनामूलक र्‍याली, घरदैलो कार्यक्रम, अभिभावक जागरण गराउने कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ तर विद्यालयले यसप्रंति वेवास्ता गरिदिने र संस्थागत विद्यालयले यस्ता कार्यक्रम सञ्चालन गर्ने गरेकाले पनि सामुदायिक विद्यालय प्रति समाजको आकर्षण कम भएको पाइएको छ । स्थानीय संघ संस्थाहरूलाई कार्यक्रमका साझेदार बनाउन पहल गर्नु पर्ने समाजको विकाश गर्ने उद्देश्य राखेर स्थापना गरिएका विभिन्न स्थानीय संघ संस्थाहरु हुन्छन् । उनीहरुलाई पनि विद्यालयका

उद्देश्यसँग एकाकार गराई संलग्न गराउन सकेमा विद्यालयले राखेका लक्ष्य उद्देश्य पूरा गर्न सजिलो पर्दछ । कार्यक्रमलाई स्थानीय आवश्यकतासँग एकाकार गराउनु पर्ने नेपालमा अहिले धेरै राजनैतिक दलहरु छन् । उनीहरु हरेक क्षेत्रमा आफ्नो प्रभाव जमाउन चाहन्छन् । जिल्ला शिक्षा योजना कार्यान्वयनमा उनीहरुको दलको निहित स्वार्थ पूरा गर्ने उद्देश्यले आफ्नो बाहुल्य भएको क्षेत्रमा अनावश्यक दवाव सिर्जना गर्ने जस्ता गतिविधिहरु पनि देखिएका छन् जसले गर्दा शिक्षा जसले गर्दा शिक्षा जस्तो क्षेत्रमा पनि सकारात्मक प्रभाव पर्नुको साटो नकारात्मक प्रभाव परि उद्देश्य अनुकूल कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको छ तसर्थ जिम्मेवार दलहरुले आफ्ना राजनैतिक दलहरूलाई प्रशिक्षित गर्नु पर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।

# परिच्छेद पाँच :

# प्राप्ति, निष्कर्ष र सुझावहरू

शिक्षाको पूर्वाधार या मेरूदण्ड भनेकै प्राथमिक शिक्षा हो । प्राथमिक शिक्षालाई योजनावद्ध रूपमा अगाडि बढाउन सकिएन भने उच्च तहको शिक्षा स्वतः निष्क्रिय हुन्छ । तसर्थ नेपाल सरकारले प्राथमिक शिक्षालाई आधारभूत शिक्षाको रूपमा स्वीकारेको सर्वविदितै छ । प्राथमिक शिक्षाको विकासको लागि विभिन्न समयमा विभिन्न किसिमका योजनाहरूको कार्यान्वयन भै धेरै प्रयासहरू गरिदै आएका छन् । जस्तै सेती परियोजना आधारभूत तथा प्राथमिक शिक्षा परियोजना र आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो आदि । जिल्ला शिक्षा योजना जिल्लाको समग्र शैक्षिक विकासका लागि निर्माण गरिएको हो । आ.व. २०५६/२०५७ देखि शुरू भएको यो ५ वर्षिय योजनालाई चक्रिय योजनाको रूपमा सञ्चालन गरिदै आएको छ । जिल्ला शिक्षा योजनालाई बढी उपयोगी र व्यवहारिकहोस भन्ने उद्देश्यले विभिन्न समयमा अनुसन्धान तथा परिमार्जन गरिदै आएको छ । जिल्लाले आफ्नो जिल्लाको शैक्षिक विकास गर्नको लागि आवश्यकता पहिचान गरेर निर्माण गरिएको योजना भएकोले यसलाई तल देखि उठेको रूपमा लिईएको छ । यस योजनामा प्राथमिक शिक्षाको शैक्षिक विकासका लागि के कस्ता कार्यक्रमहरू आवश्यक छन् । ती कार्यक्रमको कार्यान्वयनमा के कति बजेटको आवश्यकता पर्दछ । कार्यक्रमहरू कार्यान्वयनमा के कस्तो नीति तथा रणनीतिहरूको अवलम्बन गर्ने, कार्यक्रममा के कस्ता उद्देश्यहरू निर्धारण गर्ने, एवम् लक्षित उद्देश्यहरू के कति समयमा सञ्चालन गर्ने र कार्यान्वयन गरिएका कार्यक्रमहरूको उपलब्धि तथा निर्दिष्ट उद्देश्य प्राप्तिका लागि के कस्ता निरीक्षण अनुगमन पद्धतिको अवलम्बन गर्ने भन्ने विषयमा आफैले निर्णय गरी तयार गरिएको योजना हो । विगतका शैक्षिक योजनाहरू केन्द्रबाट निर्धारण गरी कार्यान्वयन गरिन्थ्यो । त्यति बेलाका शैक्षिक योजनाहरू माथिबाट तल झरेको प्रकृतिका थिए । त्यस्ता केन्द्रद्वारा लादिएका त्यो योजनाहरू जिल्लाको आवश्यकतासँग मेल नखाई असफल भएका थिए । जिल्ला शिक्षा कार्यालय चितवनले पनि जिल्लाको प्राथमिक शिक्षाको विकासका लागि आवश्यकता पहिचान गरी जिल्ला शिक्षा योजना निर्माण गरेको छ । यस योजनामा चितवन जिल्लाको प्राथमिक शिक्षाको शैक्षिक विकासको लागि र राखिएका कार्यक्रम तथा आवश्यक बजेटको अनुमान गरी वित्तिय योजना निर्माण गरी कार्यक्रमहरू कार्यान्वयन गरी आएको छ । योजनाका

प्रमुख विषयहरूमा प्राथमिक शिक्षाको वर्तमान स्थिति, प्रमुख मुद्धाहरू, वर्तमान प्रयासहरू, विद्यालयको पँहुच तथा सहभागिता, विद्यालयको व्यवस्थापन, प्राथमिक शिक्षाको प्राथमिकता क्षेत्र, कार्यक्रमको कार्यक्षेत्र, कार्यक्रमका अंगहरू, योजना कार्यान्वयनको व्यवस्था, कार्यक्रमगत वित्तिय योजना र योजना अनुगमन तथा मूल्याङ्कन व्यवस्था आदि रहेका छन् ।

यस अध्ययनबाट जिल्ला शिक्षा योजना चितवनको प्राथमिक विद्यालयको पहुँच अभिवृद्धिका लागि सञ्चालन भै आएका कार्यक्रमहरूको प्रभावकारीता, प्राथमिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि संचालित विविध किसिमका कार्यक्रम र ती कार्यक्रमहरूको प्रभावकारिता तथा कार्यक्रम कार्यान्वयन पक्षमा आईपरेका समस्याहरू र समस्या निराकरणहरूका उपायहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ५.१ प्राप्ति

यस शोध पत्रमा राखिएका उद्देश्यहरू अनुसार अध्ययन र विश्लेषण गर्दा निम्नानुसार प्राप्ति पाइयो जसमा चितवन जिल्लामा ५३० बालविकास केन्द्रहरू रहेका छन् तर ती साधन स्रोत सम्पन्न भने नभएको पाइयो । सञ्चालित बालविकास केन्द्रहरूले लक्षित समुदायमा भने राम्रो प्रभाव पारेको र उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गरेको पाइयो । प्रत्येक विद्यालयमा शिशु कक्षा सञ्चालन गर्न अत्यावश्यक देखिएता पनि आवश्यक संख्यामा शिशु कक्षा सञ्चालन गर्न नसकिएको र सञ्चालित कक्षाहरू पनि साधन स्रोत सम्पन्न हुन नसकेको पाइयो । सञ्चालन भइ आएका विशेष शिक्षा कक्षा जिल्लाभरमा जम्मा ९ वटा रहेको पाइए बाट आवश्यकता भन्दा कम संख्यामा रहेको र सञ्चालित कक्षाहरू पनि साधन स्रोत सम्पन्न हुन नसकेको देखिन्छ ।

सीमित संख्यामा सञ्चालित विशेष शिक्षा कक्षाबाट केही अपाङ्ग बालबालिकाहरू लाभान्वित देखिएता पनि आवश्यक संख्यामा विशेष शिक्षा कक्षा सञ्चालन हुन नसक्दा अधिकांश अपांग बालबालिकाहरू सुविधाबाट बञ्चित रहेको पाइयो । जिल्लाभरमा जम्मा १० वटा बैकल्पिक विद्यालय कार्यक्रम सञ्चालन भएको पाइयो ।

आवश्यक संख्यामा वैकल्पिक विद्यालय कार्यक्रम सञ्चालन हुन नसक्दा विविध कारणवस् विद्यालय जानबाट बञ्चित रहेका बालबालिकाहरू विद्यालयको पहुँचबाट बाहिर रहेका छन् । सरोकारवालाहरूलाई उत्प्रेरित गर्ने, समुदाय परिचालन कार्यक्रमहरूको कार्यान्वयनको अवस्था कमजोर रहेको पाइयो । विद्यालयलाई निकाशा हुने भौतिक सुधारको रकम विद्यालयको आवश्यकता भन्दा ज्यादै न्यून रहेकोले आवश्यकता अनुसार विद्यालयको मर्मत संभार कार्य हुन नसकेको देखिन्छ । विद्यालयमा कार्यान्वयन भएका भौतिक सुधार कार्यक्रमहरूमा फर्निचर निर्माण, कक्षाकोठा निर्माण, शौचालय निर्माण र खानेपानी निर्माणका कार्यक्रमहरू मात्र रहेको र अन्य किसिमका भौतिक सुधारका कार्यक्रमहरू योजनामा समावेश हुन नसकेको पाइयो । नयाँ भवन निर्माण कार्यक्रम शिक्षा योजनामा समावेश हुन नसकेको र कतिपय विद्यालयहरूको भवनहरूको अवस्था पुन निर्माण गर्नुपर्ने देखियो ।

अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरू मध्ये अध्ययन क्षेत्रमा अनौपचारिक प्रौढ कक्षा र साक्षरोत्तर कक्षाहरू मात्र सञ्चालित रहेको र अनौपचारिक शिक्षाका अन्य कार्यक्रमहरू कार्यान्वयनको आवश्यकता देखियो । सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रमहरूले लक्षित समुदायमा सकरात्मक प्रभाव पार्नुका साथै व्यवहारिक र सैद्धान्तिक सीप हासिल गराएको पाइयो ।

प्राथमिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न योजनामा प्रत्येक प्राथमिक शिक्षकलाई अनिवार्य तालिम प्राप्त गराउने कार्यक्रमहरूको प्रभावकारी व्यवस्था गर्नुपर्ने दखिन्छ । अध्ययन क्षेत्रका विद्यालयहरूमा ८८.५ प्रतिशत शिक्षकहरू तालिम प्राप्त रहेको र तालिमबाट शिक्षकको अध्यापन क्षमतामा सकारात्मक सुधार आएको पाइयो । योजना अनुसार सञ्चालित प्रधानाध्यापक तालिम कार्यक्रमले प्रभावकारी भूमिका निर्वाह गरेको पाइयो । प्रधानाध्यापक तालिमबाट प्रधानाध्यापकहरूको नेतृत्वगर्ने सीपमा अध्यापन तथा व्यवस्थापन सीपमा र विद्यार्थी एवम् अभिभावकहरूसँग व्यवहार गर्ने जस्ता सीपमा अभिवृद्धि ल्याइ कुशल व्यवस्थापक उपलब्ध गराएको पाइयो । शैक्षिक क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको व्यवस्थापन क्षमतामा अभिवृद्धि ल्याइ विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्यले योजना अवधिमा विभिन्न किसिमका व्यवस्थापन तालिम कार्यक्रम कार्यान्वयन गरिएको र गुणस्तर अभिवृद्धिमा सकारात्मक सहयोग मिलेको पाइयो ।

विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय व्यवस्थापन समितिबाट नियमित अनुगमन गर्ने गरिएको र यस कार्यबाट शैक्षिक गुणस्तर सुधारमा सहयोग पुगेको हुँदा योजनामा अझ बढी प्राथमिकता दिइ यस्ता अरू थप कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने आवश्यकता महशुस गरिएको छ। जिल्ला शिक्षा योजना कार्यान्वयनका समस्याहरूको बारेमा अध्ययन गर्दा साधन र स्रोतको कमी भएको पाइयो । कार्यक्रम ठीक समयमा नआउनुका साथै लक्षित समूहका आवश्यकताहरू नसमेटिकोले कार्यान्वयनमा समस्या परेको पाइयो । योजना कार्यान्वयनमा निजी क्षेत्रहरूलाई समेट्न नसक्नु, निरीक्षण, अनुगमन र पृष्ठपोषणको अभाव रहेको पाइयो । विद्यालयको आयस्रोतको कमी, सामुदायिक विद्यालय प्रति समाजको चासो कम हुँदै जानु, स्थानीय संघसंस्थाहरूको सहयोग नहुनु, स्थानीय आवश्यकता र कार्यक्रमको प्रकृति फरक हुनु, स्थानीय समुदाय परिचालन गर्ने कार्यक्रम योजनामा समेट्न नसक्नु र राजनीतिक हस्तक्षेप जस्ता समस्याहरू रहेको पाइयो ।

यी माथि उल्लेखित समस्याहरूको निराकरण गर्ने कार्यक्रम बनाउन सकेमा समस्या समाधान गर्न सकिने कुरा छनौटमा परेका विद्यालयका प्र.अ., वि.नि., स्रोत व्यक्तिहरूको धारणा पाइयो ।

### ५.१ निष्कर्ष

प्राथमिक विद्यालयको अभिवृद्धिका लागि सञ्चालित कार्यक्रमहरूको अध्ययन गर्दा बालविकास-केन्द्रलाई साधनस्रोत सम्पन्न बनाउनु पर्ने, शिशु कक्षाको अनिवार्यता गर्नु पर्ने, विशेष शिक्षा कक्षालाई साधनस्रोत सहित व्यापक बनाउनु पर्ने, प्राथमिक विद्यालयको पहुँच अभिवृद्धि गर्न बैकल्पिक विद्यालय कार्यक्रम ज्यादै महत्वपूर्ण हुने भएकाले साधन स्रोत सम्पन्न र व्यापक गर्नु पर्ने, विद्यार्थीहरूलाई विद्यालय प्रति आकर्षित गर्न समुदाय परिचालन गर्ने कार्यक्रमहरूको कार्यान्वयन र सञ्चालनमा जोड दिनु पर्ने, विद्यालय भौतिक विस्तार योजना कार्यान्वयनमा जोड दिनु पर्ने, जीर्ण विद्यालय भवनहरूको पुर्ननिर्माण गर्नु पर्ने भएकोले योजनामा नयाँ भवन निर्माण गर्ने कार्यक्रम समावेश गर्नु पर्ने, अनौपचारिक शिक्षा कार्यक्रमको सञ्चालन र सफल कार्यान्वयनमा जोड दिनु पर्ने, अनुगमन, मूल्यांकन र पृष्ठपोषणमा जोड दिनु पर्दछ ।

प्राथमिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्नका लागि सञ्चालित विविध किसिमका तालिमका सन्दर्भमा प्र.अ. तालिमको निरन्तरता, शिक्षकहरूलाई लामो अवधिको तालिमको अलावा पुर्नताजगी तालिमहरू निरन्तर सञ्चालन गरिनु पर्ने, विद्यालयलाई व्यवस्थित किसिमले सञ्चालन गर्नको लागि व्यवस्थापनका पदाधिकारीहरूको तालिम कार्यक्रमलाई निरन्तरता दिनु पर्ने देखिन्छ । यसै गरी तालिम प्राप्त शिक्षकको कार्य क्षेत्रमा अनुगमन मूल्याङ्कन र पृष्ठपोषण गर्नु पर्दछ साथै दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ । जिल्ला शिक्षा योजना कार्यान्वयनमा देखिएका समस्याहरूको अध्ययन गर्दा साधन र स्रोतको कमी भएकोले कार्यक्रमले अपेक्षित गति लिन नसकेको, योजना समयमा तयार गर्न नसक्दा योजना संचालनमा कठिनाई, निजी क्षेत्रलाई समेटन नसक्नु र सम्पूर्ण सरोकारवालाहरूलाई सहभागी गराउन नसक्दा जवाफदेहीताको कमि र राजनैतिक हस्तक्षेपले गर्दा परेका कठिनाई सकेसम्म कम गर्दै जानुपर्दछ ।

जिल्ला शिक्षा योजनामा देखिएका कमी कमजोरी हटाई समस्या समाधानका उपायहरूमा साधन स्रोत प्रयाप्त बनाउन बजेट बढाउनु पर्ने, कार्यक्रम निर्धारित समयमा तयारी गरी कार्यान्वयनमा तदारूपताका साथ अगाडी बढाउनु पर्ने, निजी क्षेत्रहरूलाई र अन्य सम्पूर्ण सरोकारवालाहरूलाई योजना निर्माणका चरणमा सहभागी गराई अपनत्वको भावनामा वृद्धि गर्नु पर्दछ । राजनैतिक हस्तक्षेपलाई कम गर्न राजनैतिक कार्यकर्ताहरूलाई आ-आफ्नो पार्टीले प्रशिक्षित गराउनु पर्दछ ।

## ५.३ सुझाबहरू

जिल्ला शिक्षा योजनालाई अझ बढी व्यवहारिक समय सापेक्ष, सान्दर्भिक र आधुनिक गराउनको लागि समय-समयमा उठेका समस्याहरूलाई समयमा नै निराकरण गरी उद्देश्यमुलक बनाउन योजनासंग प्रत्यक्ष सरोकार रहने विद्यालय निरीक्षक, स्रोत व्यक्ति, कार्यक्रम संयोजक, प्रधानाध्यापक, शिक्षक र अभिभावकहरूको राय सल्लाह तथा सुझाब संकलन गरी जिल्ला शिक्षा योजनामा चितवनलाई अझबढी प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

**क) नीति निर्माण तहमा**

